पत्रिका
समयमा नपुगेमा
मोबाइल नम्बर
९८१०२९०४७४ मा
सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार

टुडे एक्सप्रेस

राष्ट्रिय दैनिक

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

❑ वर्ष १६ ❑ अंक ५० ❑ पृष्ठ ८ | २०७७ पुस २४ शुक्रबार (2021 JANUARY 08 FRIDAY) | ❑ मुल्य रु ५।-

सरकारको उपलब्धी 03 | ट्रिपिङ घट्दा बिजुली काटिने दरमा कमी आउँदै 05 | किसानलाई तरुल खन्न चटारो 07

मधेश आन्दोलनका सहिद परिवारको बिचल्ली
प्रदेश सरकारको घोषणा बोलीमै सिमित

धर्मेन्द्र साह / रौतहट

सहिद महीरुद्दिनको परिवार । तस्विर : टुडे एक्सप्रेस

संविधान जारी हुनु अघिदेखि नै सुरु भएको मधेस आन्दोलनलाई उत्कर्षमा पुऱ्याउन मधेसी नेताहरूले कयौं घोषणाहरू गरी सर्वसाधारण लोभ्याए । आन्दोलनकै क्रममा सहिद हुने परिवारलाई ५० लाख रुपैयाँ दिने घोषणा पनि गरे । हजारौ सर्वसाधारण आफ्नो ज्यानको बाजी थापेर सडकमा ओर्लिए । तर आन्दोलनका क्रममा सहिद भएकाहरूका परिवार बिचल्लीमा परेका छन् ।

शेख महीरुद्दिन ओस्ता मधेश आन्दोलनको क्रममा प्रहरीले चलाएको गोली लागेर सहिद भए । बिपन्न परिवारकी उनकी श्रीमती समिना बेगमको अहिले बिचल्ली भएको छ । उनको परिवार आर्थिक अवस्थामा निकै कमजोर छ । सहिद शेख महीरुद्दिन ओस्ताका चार भाइ थिए । अब तीन भाइ बाँकी छन् ।

रौतहट जिल्लाको राजापुर नगरपालिका वार्ड नम्बर ४ बलुवा टोलका सहिद महीरुद्दिन तत्कालीन आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले आह्वान गरेको 'चलु गौर, भरु गौर'को क्रममा सहभागी हुन २०७२ भदौ २७ गते गौर आएका थिए । सोही क्रममा गौरको कबीर चोकमा प्रहरीले चलाएको गोली लागि उनी घाइते भएका थिए । गोली लागि घाइते भएका महीरुद्दिनलाई उपचारको लागि अस्पतालमा भर्ना गरिएपनि उनले राम्रो उपचार पाउन सकेनन् । पुष १९ गते बिरगंजको नारायणी उप-क्षेत्रीय अस्पतालमा उनको मृत्यु भयो । पछि राज्यले उनलाई सहिद घोषणा गरी क्षतिपूर्ति बापत रकम दिएपनि हाल उनको परिवार समस्यामा छन् ।

सहिदको घरमा जाँदा सहिद महीरुद्दिनकी श्रीमती समिना बेगम खरले छाएको माटोको घरमा कष्टकर जीवनयापन गर्छिन् । श्रीमान बितेपछिको अवस्थाबारे कुरा गर्ने बितिक्कै उनी भक्कानिएर आँशु झार्छिन् । 'आन्दोलन चलिरँहदा कहिलेकाही नेताहरू घुम्न आएसंगै फोटो खिचाए । बिस्तारै आश्वासन दिन आउनेको संख्या घट्दै गयो । अब त कसैलाई मतलब पनि छैन,' उनको गुनासो छ ।

उनले जसोतसो गुजारा चलाएको बताउदै छोराछोरीको उच्च शिक्षा सपना बनेको गुनासो गरिन् । उनले प्रदेश सरकारबाट बाँडिएको भैंसी समेत नपाएको बताइन् । प्रदेश सरकारले सहिद परिवारलाई दुधालु भैंसी बितरण गरेको थियो । भैंसी बितरणको क्रममा खरीददेखि बितरणसम्ममा भ्रष्टाचार र अनियमितता भएको छ ।

सहिद राजकिशोर ठाकुरको घर इशनाथ नगरपालिका ४ महुलिया टोलमा पर्छ । उनी संबिधान निर्माण प्रक्रियाबाट असन्तुष्ट बनेका तराई केन्द्रीत दलहरूले आह्वान गरेको आम हडताल र प्रदर्शनमा सहभागी हुन गौर आएका थिए । गौरको बिपी चोकमा भइरहेको प्रदर्शन हिंस्रक बन्दै गएपछि प्रहरीले गोली चलाए । गोली राजकिशोरको छातीमा लाग्यो । उनी त्यही ढलें । केहीबेरमै उनको ज्यान गयो ।

त्यतिबेला उनको एक ६ महिनाकी छोरीसहित घरमा श्रीमती र वृद्ध आमा थिइन् । हाल सहिद पत्नी गाउँकै स्वास्थ्य चौकीमा कार्यालय सहयोगीको रुपमा कार्यरत छिन् । सहिद ठाकुरको नाममा महुलियामै रहेको भारतीय सीमासंगै एउटा प्रवेशद्वार निर्माणाधीन छ । करिब ५ वर्ष बित्दा पनि प्रवेशद्वारा निर्माण पुरा भएको छैन ।

बिस्तारै आन्दोलनको प्रभाव घटेसंगै शहीद परिवार जस्तै प्रवेशद्वार पनि अपहेलित हुँदै गएको स्थानीय युवा बिबेक साह बताउँछन् । सहिद ठाकुरकी श्रीमती अंशुदेवीले भनिन्, 'श्रीमान सहिद भएपछि कार्यालय सहयोगीको करार जागिर त दियो । तर सुरुमा केहिदिन तलब समयमा दिदैन्थ्यो । बडो समस्या झेलें । अहिले नियमित दिन थालेको छ ।' यता, नगर प्रमुख सन्तोष मेहताले सहिद परिवारको हैसियतले पाउनु पर्ने सम्मान गरिरहेको बताउँछन् ।

सदरमुकाम गौरमा डेरा गरी बस्दै आएका सम्स तबरेजको प्रहरी फायरिंगमा ज्यान गयो । २०७२ पुष ५ गते गौरमा संबिधान खारेजीको मांग गर्दै ठूलो संख्यामा बिधार्थी र तत्कालीन मोर्चा समर्थित नेता कार्यकर्ताहरू हिंस्रक प्रदर्शन गर्दै थिए । गौरमा रहेको जुद्ध उच्च माबिको कक्षा ९ मा अध्यनरत सम्स तबरेज पनि सोही आन्दोलनमा सहभागी थिए । प्रदर्शन चर्किदै गएपछि प्रहरीले गोली चलाउन सक्ने गरी सूचना सम्प्रेषण गरे । तर सो सूचना प्रदर्शनकारीसम्म पुग्नु पूर्व नै गौरको बिपी चोकमा रहेका प्रहरीले गोली चलाए । सोही क्रममा गोली लागि ढलेका सम्स तब्रेजलाई प्रहरीले लाठी र बुटले समेत हिर्काएका थिए । पछि उनलाई अस्पताल पुऱ्याउँदासम्म मृत्यु भैसकेको थियो ।

हालको परोहा नगरपालिका ३ तेजापाकड घर भएका फोरोज अख्तरले आफ्नो १७ वर्षीय छोराको लाशमाथि बिलाप गर्नँ बाहेक केही उपलब्धी प्राप्त गर्न सकेनन् । उनको अन्तिम श्रद्धाञ्जलीमा बर्तमान प्रदेश सरकारका भौतिक पूर्वाधार निर्माण मन्त्री जितेन्द्र सोनल समेतका नेताहरू सहभागी भएका थिए । तिनै सहिद परिवारलाइ हाल प्रदेश सरकारले चिन्न छाडेको भन्दै जिल्ला तहमा आक्रोश बढ्दै गएको हो । सहि तावारेजको बुवा र काका कामको लागि भारतको मुम्बैमा थिइ । उनको परिवारले समेत प्रदेश सरकारबाट बितरण भएको भैसी नपाएको दावी गर्छन् । शहीद तावारेजको हजुरबुवा नुरुल हसनले प्रदेश सरकारबाट कुनै किसिमको सहयोग नपाएको गुनासो गरे । 'सहिदको रगतको बलमा प्रदेश सरकार बनेको हो । आन्दोलनकै भरमा नेताहरू मन्त्री बन्न पाएका हुन् , तर सहिद परिवारलाई तिरस्कार गर्नँ दुर्भाग्य हो', उनको भनाइ छ । उनले सञ्चार माध्यमहरूमा प्रदेश सरकारले जागिर दिने खबर सुनेको बताए ।

२०७२ साउन २१ मा रौतहट सदरमुकाम गौरमा भएको मधेश आन्दोलनको क्रममा बराहवा ताल नजिक सुरक्षाकर्मीले चलाएको गोली लागेर तत्कालीन गाबिस मुडेलवाका विद्यानन्द यादवको मृत्यु भएको थियो । आन्दोलनमा शहीद घोषणा गरी १० लाख पाए पनि यादव परिवारको गुनासो उस्तै छ । 'मधेस र मधेसीकै अधिकारको लडाइमा भाइको ज्यान गयो,' उनको दाई उपेन्द्र यादवको भन्छन्, 'सहिदको रगत र बलीदानीको कदर भएन । बोलेका कुराहरू पूरा भएनन् । यसमा हाम्रो धेरै गुनासो छ ।'

बिद्यानन्दकी श्रीमती राजकली देवीलाई उतिबेलै सरकारी जागिर दिने सरकारले आश्वासन दिएको थियो । प्रदेश सरकार गठन भएपछि मुख्यमन्त्री कार्यालयले सहिद परिवारका सदस्यलाई नियुक्ति पत्र समेत दियो । उक्त पत्र सामाजिक बिकास मन्त्रालयमा दर्ता गरिए पनि अहिलेसम्म कुनै प्रक्रिया अघि नबढेको यादवको गुनासो छ । आन्दोलनको क्रममा गोली लागि घाइते बनेका जिउँदो सहिद भनिएका लालबाबु पटेल आफुहरूको योगदानको अवमूल्यन भएकोमा दुखि छन् । तत्कालीन समयमा स्थानीय प्रशासनले लगाएको निषेधज्ञा तोड्ने क्रममा भएको झडपमा उनलाई गोली लागेको थियो । प्रहरीले चलाएको गोली उनको मलद्वारा मा लागेको थियो । लामो समयको उपचार पछि उनी निको भएपनि धेरै काम गर्न सक्ने अवस्थामा छैनन् ।

सहिद परिवार प्रति प्रदेश सरकारको तर्फबाट हुनु पर्ने व्यबहार नभएको भन्दै सत्तारुढ दल जसपाकै नेताहरूले स्वीकार गर्छन् । जसपा नेता अनिल कुमार सिंहले शहीद परिवारकै योगदानको भरमा सरकार बनेको स्वीकार गर्दै प्रदेश सरकारले ती परिवार प्रति खेल्नु पर्ने भूमिका खेल्न नसकेको बताए । 'सैद्धान्तिक रुपमा धेरै घोषणाहरू भएको सत्य हो, कार्यन्वन्यनमा जोड दिनु पर्ने हो । सरकारी रबैयाले सरकार प्रति आक्रोस बढ्दै गएको छ', उनको भनाइ छ ।

तर प्रदेश सरकारका एक मन्त्रीले भन्ने ती आरोपहरू सत्य नरहेको दावी गरे । प्रदेश सरकारका भूमि व्यबस्था कृषि तथा सहकारी राज्य मन्त्री योगेन्द्र यादवले सबै सहिद परिवारलाई भैसी बितरण भएको हुनु पर्ने दावी गरेका छन् । 'डाटा कार्यालयमा होला, एक जना सहिद परिवारको नाम छुटेको थियो तर पछि फेरी उनको परिवारलाई भैसी दिन भनिएको थियो- उनको दावी छ ।

उनले प्रदेश सरकारका मुख्यमन्त्री कार्यालयबाट सबै सहिद परिवारलाई रोजगारीको लागि आशय पत्र दिएको तर सहिद परिवार आफै कार्यालयमा नगएकोले रोजगारी पाउन नसकेको दावी पनि गरेका छन् ।

पुल निर्माणमा भारतीय पक्षको अवरोध

विनय कर्ण / राजविराज

हुलाकी राजमार्ग आयोजना अन्तर्गत सप्तरीको खडक खोलामा निर्माण हुन लागेको पुलको काममा भारतीय पक्षले अवरोध गरेका छन् । जिल्लाको डाक्नेश्वरी नगरपालिका वडा नम्बर ६ स्थित कटैयामा निर्माण सुरु गरिएको खड्क खोलाको पुलमा भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले अवरोध पुऱ्याएका हुन् ।

नेपाली भूमीमा नेपाली पक्षले बनाउन लागेको पुलमा पारिबाट अवरोध खडा गरिएपछि काम ठप्प भएको छ । हुलाकी राजमार्ग आयोजनाले गत ८ माघ २०७६ मा इलाइट कन्स्ट्रक्सन प्रालि काठमाडौंसँग उक्त पुल निर्माणका लागि सम्झौता गरेको र कन्स्ट्रक्सनले प्राविधिक कर्मचारी, कामदार र उपकरण ल्याएर काम सुरु गर्न खोज्दा भारतीय सीमा सुरक्षा बलले अवरोध गरेको छ ।

पुल निर्माण गर्ने भनेर पारीका भारतीय गाउँ करियौत र नेपालतर्फका कटैयाबासीबीच छलफल भएर पुल बनाउने सहमति दिइएको आयोजनाका इन्जिनियर आशुतोष कर्णले बताए । '११२ मिटर लम्बाई र ११ मिटर चौडाई भएको पुल बनाउने तयारी छ, पुल निर्माणका लागि दुवै पक्षको सहमति भएरै नेपाल सरकारले रु १८ करोड ३३ लाख (भ्याटसहित) मा ठेक्का लगाएको हो' उनले भने 'सीमा नजिकै पुल बनिरहेकाले भारतीय पक्षले दुवै देशको सहमतिमा बन्नुपर्ने अडान लिएकोले यसबारेमा भौतिक पूर्वाधार मन्त्रालयमा जानकारी गराउन लागेका छौं ।'

सप्तरीका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले यसबारे आफै गएर एसएसबी र त्यहाँका डिएमसँग यसबारे कुरा गरेको बताए । उनले हामीतिरकै भूमी रहेको नक्सा समेत देखाएको तर, भारतीय पक्ष माथिल्लो तहबाट टोली बोलाउने भनिरहेको जानकारी दिए ।

पारी भारतीय गाउँ करियौतका बासिन्दाले पनि पुल निर्माण हुन लागेको जग्गा नेपालकै भएको बताइरहँदा पनि भारतका डिएमले यो विषयमा निर्णय लिन नसकेको आचार्यको भनाइ छ । 'मेरो क्षेत्राधिकार डिएमसम्म कुरा गर्ने हो, बाँकी गतिविधीबारे गृहमन्त्रालयलाई जानकारी गराइसकेको छु,' प्रमद्रख जिल्ला अधिकारी आचार्य भने ।

Wifi ..... भनेकै
WORLDLINK

जनकपुर-जयनगर चल्ने रेलको भाडा तोकियो

टुडे एक्सप्रेस / जनकपुरधाम

जनकपुर- जयनगर रेल आएको महिनौं बितिसक्यो । तर त्रिपालभित्र धनुषाको इनर्वामा थन्काइएको छ । कहिलेदेखि रेल चल्ने कुराको निश्चित नभएपनि भाडादर तोकिएको छ ।

नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक गुरुप्रसाद भट्टराईले भने माघभित्र जसरी पनि सञ्चालनका ल्याउने दावी गर्छन् । तर, जनकपुरका स्थानीय भने माघभित्रै रेल सञ्चालन हुनेमा ढुक्क छैनन् । किनकी विगत ३ वर्षमा कैयौं पटक रेल चल्ने तोकिएको मिति फेल भइसकेको छ ।

महाप्रबन्धक भट्टराईका अनुसार आवश्यकपर्ने जनशक्ति व्यवस्थापनका विषय सुनिश्चित भइसकेकाले माघभित्रै रेल सञ्चालनमा आउँछ । उनले रेल सञ्चालनका लागि प्राविधिकतर्फका २६ कर्मचारी भारतबाट ल्याइने र बाँकी करिब १०० कर्मचारी नेपालतर्फबाट राखेर सञ्चालनमा ल्याउने अन्तिम तयारी भइरहेको जानकारी दिए । भट्टराईले भने, 'प्राविधिक कर्मचारीका लागि भारतीय पक्षसँग प्याकेजमा सहमति भइसकेको छ । जिटुजी प्रक्रियामा भारतीय पक्षसँग प्याकेजमा सहमति भएको हो र त्यसलाई मूर्त रुप दिन उक्त प्याकेजसहितको प्रस्ताव मन्त्रिपरिषद्मा पठाइसकेका छौं ।' उनले रेल इञ्जिनको सर्भिसिङ, रेल्वे लिकको मर्मत र रेल दुर्घटनाको जिम्मेवारी भारतीय पक्षले नै लिने तथा नेपालका प्राविधिक कर्मचारीलाई रेल्वेसम्बन्धी तालिम दिनेलगायत विषय प्याकेजमा समावेश गरिएको जानकारी दिए ।

उनले नेपालको तर्फबाट ५० जना प्रशासनिक कर्मचारी सडक विभागसँग माग गरेको बताए । त्यसका लागि सडक विभाग पनि सकारात्मक रहेको उनले बताए । सामान्य प्रविधिक कर्मचारीका लागि विगतमा रेल्वेका काम गरेका पुराना इच्छुक करिब ५० जना कर्मचारीलाई छ महिनाका लागि करारमा नियुक्त गरेर तत्काल रेल सञ्चालन गरिने महाप्रबन्धक भट्टराईले जनाए । उनले रेल्वे लिकका चोरी भएको क्लिपर तथा क्षति भएका भौतिक संरचनाकोसमेत मर्मतसम्भारको काम लगभग पूरा भइसकेको बताए । रेल सञ्चालनका लागि आवश्यकपर्ने अन्य टिकट, सफ्टवेयरसमेत तयार भइसकेको उनको भनाई छ ।

महाप्रबन्धक भट्टराईका अनुसार जयनगरदेखि जनकपुरको कुर्थासम्म ३५ किलोमिटरको भाडा जनरल बोगीमा ७० रुपैयाँ र एसी बोगीमा ३०० सम्म तोकिएको छ । उनले प्रतिकिलोमिटर बढीमा १५ रुपैयाँ जनरल बोगीमा र एसीमा जनरलभन्दा पाँच गुणा बढी भाडा तोकिएको बताए । महाप्रबन्धक भट्टराईले एक स्टेशनबाट अर्को स्टेशनमा झरेको खण्डमा प्रतिकिलोमिटर १५ रुपैयाँको दरले भाडा लाग्ने जानकारी दिए । दुई वा दुईभन्दा बढी स्टेशनसम्म यात्रा गरे त्योभन्दा कम भाडा लाग्ने उनले बताए । कुर्थादेखि जयनगरसम्म जयनगर, इनर्वा, खजुरी, वैदही र कुर्था गरी पाँच वटा स्टेशन राखिएको छ ।

जनकपुर, मैनाथपुर र परवाहामा हल्ट छ । स्टेसनमा एकभन्दा बढी रेल्वे लिक बनाएकाले त्यहाँ रेलको क्रसिङ गरिनेछ । हल्ट भएको स्थानमा रेल केही समयका लागि विश्राम अर्थात् त्यहाँ यात्रु ओसारपसार मात्रै हुनेछ । स्टेशन र हल्ट भएका स्थानमा रेलको टिकट काटिनेछ । अनलाइनमार्फत पनि टिकट बुक गर्न सकिने महाप्रबन्धक भट्टराईले बताए । जनकपुर-जयनगर रेल्वेको साइट इञ्चार्ज विनोद ओझाले जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर यात्रा गर्न एक घण्टा लाग्ने बताए ।

यसअघि रेल सञ्चालनका लागि १२६ कर्मचारी रेल्वे कम्पनीले माग गर्दा करिब २६ हजार आवेदन परेको थियो । आवेदनबाट मात्रै रेल्वे कम्पनीले करोडौं राजश्व उठाएको छ । तर पिज्ञापन नै रद्द गरेर आवेदन दिएकाहरूसँग रेल्वे कम्पनीले ठूलो बेइमानी गरेको छ ।

जयनगरदेखि जनकपुरको कुर्थासम्म ३५ किलोमिटरको भाडा जनरल बोगीमा ७० रुपैयाँ र एसी बोगीमा ३०० सम्म तोकिएको छ ।

नोभल कोरोना भाइरस: जनचेतनामूलक संदेश
नोभल कोरोना भाइरसबाट आफू र अरूलाई बचाउने ?
नेपाल सरकार तथा जनसंख्या मन्त्रालय

यो नयाँ प्रजातिको भाइरस हो, जुन मानव जातिमा पहिले पहिचानभएको थिएन । यस भाइरसले मानिस र पशुहरुमा संक्रमण गर्दछ । यस भाइरसले समान्य रुघाखोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Serve Acute Respiratory Syndrome (SARS)सम्म गराउन सक्दछ ।

नोभल कोरोना भाइरस (Covid-19) रोगका मुख्य लक्षणहरु

ज्वरो १००.४ °F भन्दा माथि | श्वासप्रस्वासमा अत्याधिक समस्या | रुघा र खोकी

नोभल कोरोना भाइरसबाट कसरी आफु र अरूलाई बचाउने ?

नोभल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ता भित्र रुघाखोकी लागेमा ज्वरो आएमा, घाटी टाउको दुखेमा, स्वासप्रस्वासमा अत्याधिक समस्या भएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं

स्वास्थ्य निर्देशनालय
धनुषा, प्रदेश नं. २

जनता आवास कार्यक्रम

कर्मचारीको मिलेमत्तोमा ठेकेदारलाई निर्माणको जिम्मा

आशिष विश्वकर्मा / सिरहा

सिरहामा जनता आवास कार्यक्रम अर्न्तगत दलित विपन्न परिवारका लागि घर निमार्ण कार्यमा वयापक अनियमितता भइरहेको पाइएको छ। प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्ग सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यलय राजविराजले सिरहा जिल्ला भरिमा करिव ४ सय घर निर्माण थालेको छ।

राजस्व छलीगर्ने योजना सहित घर निर्माणको लागि उपभोक्ता समिति गठन गरी अधिकाँस सहरी विकास कार्यालयकै कर्मचारीको मिलेमत्तोमा ठेकेदारलाई भवन निर्माणको जिम्मा दिइएको छ। गोलबजार नपा ९ डण्डाटोलको मलिक टोलमा ८ घर निर्माणको लागि उपभोक्ता समिति बनाएपनि गोलबजारको संजित निमार्ण सेवाका प्रो.सत्य नारायण नायकलाई घर निर्माणको सम्झौता गरी जिम्मा दिइएको छ। सम्झौता पेपरमा योजना अनुसार घर निर्माण कार्या सम्पन्न भएपछि सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यलय राजविराजले दिएको चेक विना सर्त ठेकेदार कम्पनीलाई दिनुपर्ने उल्लेख गरिएको छ।

समयमै काम सम्पन्न गर्न सक्दैनौ भन्दै सहरी विकासकै कर्मचारीले ठेकेदार खोजेर ल्याईदिएको समितिका सदस्यहरूले बताएका छन्। 'हाकीमले तिमीहरू काम कामगर्न कसक्दैनौ भने, हामी पनि यत्रो लगानी गर्नसक्ने अवस्थामा छैनौ,' उपभोक्ता समितिका अध्यक्ष सकुन्ति मलिकले भने, 'आफैले काम गर्न नसक्ने भएपछि सरहरूले ल्याउनुभएको ठेकेदारलाई सम्झौता गरेरै कामको जिम्मा दिएका हौं।'

जनता अवास उपभोक्ता समिति कार्यविधि अनुसार लाभग्राहीलाई उपभोक्ता समिति गठन गरी भवन निर्माण गर्न जिम्मा दिने भनिएपनि उपभोक्ता समितिका पदाधिकारीलाई तिमिहरूले कामगर्न सक्दौनौ भन्दैन ठेक्केदार लगाई भवन निमार्णको जिम्मा दिएको हो। ठेकेदारले र कर्मचारीको मिलेमत्तोमै कमशल निर्माण सामाग्रि प्रयोग गरीगरेको उपभोक्ताहरूको गुनासो रहँदै आएको छ। साइड यन्जिनियर श्रीदेव साहले पनिा केही घरहरूमा दुईनम्वर इटा प्रयोग भएको स्वीकार गरेको छ। प्रयोग भएकोहरू बाहेककालाई अव १ नम्वर इटा नै प्रयोग गासाउने उनले प्रतिवद्धता जनाएको छ।

उपभोक्ता समितिले ठेकेदारलाई ठेक्का दिएको विषयमा भने उनले ठेक्का दिन नमिल्ने बताए। उनले भने, 'समिति आफैले काम गर्नु पर्ने हो, कतिपय अवस्थामा कामको जिम्मा सम्म दिन सकिन्छ, सम्झौता नै गरेर ठेक्का दिन मिल्दैन।' सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यलय राजविराजले २ कोठे घर र शौचालयको लागि लागि ३ लाख ३२ हजार पाँच सय रुपैयाँका दरले छुट्याएको छ। गोलबजारको ९ नम्वर वडामा मात्र ८ परीवारको लागि ८ वटा घर र शौचालय निर्माण हुदैछ।

मौरीपालनले बदलिएको खतिवडाको जीवन

अमृत सापकोटा / चन्द्रनिगाहपुर

रौतहटको चन्द्रपुर नगरपालिका वडा ८ सन्तपुरका ५४ वर्षीया रतनदास खतिवडा मौरीपालन गरेर गाउँमै नमूना बनेका छन्। निम्न वर्गीय परिवारका खतिवडाले परिश्रम र मेहेनत गर्ने हो भने गाउँमै बसेर पनि लाखौ रुपैयाँ आम्दानी गर्न सकिन्छ भन्ने गतिलो उदाहरण देखाएका छन्। उनको जोश र जाँगरले गाउँका अन्यलाई समेत लाभान्वित बनाएको छ।

मौरीपालन गरिरहेका खतिवडाले नगरपालिकाका थुप्रैलाई मौरीपालन व्यवसायमा संलग्न गराउन सफल भएका छन्। खतिवडाले कुनै व्यवसायिक तालिम विना नै मौरीपालन सुरु गरेका थिए। उनी भन्छन मौरीपालन नै गर्छु भनेर सोचेको थिइन, पछि आकर्षित भएँ। उहिले आफूले भोगेका चुनौती संघर्ष र खुशीको क्षण सम्झदै भन्छन् मौरी पालन सुरु गरे पछि मह कसरी काढ्ने टोकाइबाट कसरी बच्ने आदि अध्यन गरेर सिकें। पछि उनले तालिम लिने अवसर पाए। विभिन्न संघ संस्थाबाट तालिम लिएँ। २ घारबाट मौरीपालन सुरु गरेका उनले हाल १२० घार मौरीपालन गरिरहेका छन्। एक घारबाट कम्तिमा पनि ३० हजार रुपैयाँ आम्दानी हुन्छ उनले सुनाए। उत्पादन भन्दा माग धेरै भएकोले बजारको समस्या नभएको उनको भनाइ छ।

सहज र कम लगानीमा सुरु गरेर राम्रो आम्दानी गर्न सकिने यो व्यवसाय सवैले सुरु गर्न सक्ने उनको धारणा छ। हप्तामा दुई दिनमात्रै समय दिए पुग्ने मौरीपालन अन्य खेतीभन्दा सजिलै गर्न सकिने भएकोले यसमै रमाएको उनले बताए। पाको उमेरका केही गर्न सक्दैनन् भन्ने मानसिकतालाई चुनौती दिन केही हदसम्म सफल पनि भएको उनको भनाइ रहेको छ। खतिवडा नेपाल मौरीपालक महासंघ प्रदेश नं. २ का अध्यक्ष पनि हुन्। अब सिक्न इच्छुक व्यक्तिहरूलाई निःशुल्क तालिम दिने उनको सोच रहेको छ।

राम्रो आम्दानी हुन थालेपछि गाउँ तथा नगरपालिकाका अन्य व्यक्तिहरू पनि मौरीपालनमा आकर्षित हुन थालेका छन्। मौरी पालनले बनस्पतिको महत्व समेत बढाइदिएको छ। मौरीपालक किसानहरूले जिल्लामा सामुदायिक वनहरू संग सहकार्य गरेर विभिन्न स्थानमा वृक्षारोपण पनि गर्ने गरेका छन्। विगत १० वर्षदेखि व्यावसायिक रुपमा मौरीपालन व्यावसाय गर्दै आएका कृषक खतिवडाले मह उत्पादन गरेर बार्षीक १५ लाख रुपैयाँ आम्दानी गर्दै आएका छन्। मेलिफेरा जातको मौरी पालेका खतिवडाले यो व्यावसायवाट गतिलो कमाई गर्न सफल भएको बताए। उनले वर्षमा आठ पटक मह निकाल्ने गरेका छन्।

उनले उत्पादन गरेको मह गुणस्तरीय भएकाले घरवाटै बिक्री हुने गरेको छ। उनले प्रतिकिलो आठ सय रुपैयाँका दरले मह बिक्री हुने गरेको छ। उनले एक सिजनामा ७ क्वीन्टल भन्दा बढी मह काढ्ने गरेका छन्। जिल्लाको उत्तरी क्षेत्रमा मौरी पालनको क्षेत्रमा निकै सम्भावना रहेको छ तर आवश्यक ज्ञानको कमीले परम्परागत ढंगले मौरी पाल्ने गरेको र व्यसायीक रुपमा यो व्यवसाय अगाडि बढाउन सहयोग नगरेको मौरीपालक कृषकहरूको भनाइ रहेको छ। मौरी पालन गर्न धेरै खर्च र झण्झट नहुने भएकाले थोरै लगानीमा धेरै प्रतिफल पाउन सकिने किसानहरूले बताए।

जिल्लामा व्यावसायिक माहुरीपालन गर्ने कृषकको संख्या सयको हाराहारीमा छन्। जिल्लाको बागमति, पौराई, गैडाटार, चन्द्रनिगाहपुर, सन्तपुर लगायत ५ भन्दा बढी वडामा व्यावसायीक रुपमा मौरीपालन गरिँदै आएको छ।

किसान आधुनिक खेतीमा आकर्षित

रुपेन्द्र पटेल / चन्द्रनिगाहपुर

परम्परागत रुपमा खेती गर्दै आएका रौतहटका कृषकहरूलाई जीवन धान्न मुस्किल परेपछि व्यवसायिक खेतीतर्फ आकर्षित भएका छन्। रौतहटको उत्तरी तथा मध्यक्षेत्रका कृषकहरूले आधुनिक तरिकाले पशुपालन तथा बेमौषमी खेती गरेर मनग्गे आम्दानी गरिरहेको पाइएको छ।

आधुनिक तरिकाले चन्द्रनिगाहपुर, जुडिवेला, सन्तपुर, डुमरिया, सिम्रा भवानीपुर, हर्षाहा, हजमिनिया, सरुअठालगायतका गाउँका कृषकहरू वेमौषमी तरकारी खेती गरेर जिल्लालाई नै आत्मनिर्भर बनाउन प्रयास गरिरहेका छन्। त्यस्तै चन्द्रनिगाहपुर, डुमरिया, जुडिवेलाका कृषकहरूले उन्नत जातका वंगुर, गाई तथा खसीपालन गरिरहेको पाइएको छ। बैक, सहकारी सस्थाहरू र विभिन्न गैर सरकारी सघ सस्थाले कृषि तथा पशु पालनका लागी सहज रुपमा कृण उपल्वध गराउन थालेपछि उनीहरू यसतर्फ आकर्षित भएका हुन्।

कतिपय कृषि सहकारी सस्थाहरूले स्थानीय स्तरमा नै बीउ उत्पादन गरेर खेतीका लागी आत्मनिर्भर बनाउन प्रयास गरेको पाइन्छ। परम्परागत खेती तथा पशुपालन गरेर जीविका गर्न नसकिने भन्दै आधुनिक तरिकाबाट खोर बनाई व्यवसाय थालेको उनीहरू बताउँछन्। परम्परागत खेती गदै आएका कृषकहरूलाई उत्प्रेरणा जगाउने कार्यक्रमहरू स्थानीय स्तरमा हुन थालेपछि रौतहटका कृषकले आधुनिक प्रविधिबाट व्यवसाय सुरु गरेका हुन्।

आजको राशिफल

ई. बिबेक
प्रसिद्ध ज्योतिषाचार्य
परामर्सको लागि सम्पर्क ९८१२००५३७८

मेष : शुभारम्भको चर्चा चल्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । सांस्कृतिक क्षेत्रमा रूची बढ्नेछ । आँटेको काम पूरा हुनेछ ।

वृष : अरूलाई प्रभावित पारेर काम बन्नेछ । न्यायिक कार्यमा सफलतापनि सफलता पनि मिल्न सक्छ ।

मिथुन : रोकिएका काम पुनः सुरू गर्ने योजना बन्न सक्छ । आर्थिक कारोवारमा सफलता पाइएला । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ ।

कर्कट : धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । प्रेम सम्बन्ध कसिलो हुनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ ।

सिंह : आज भाग्यले विभिन्न अवसर जुराउनेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । कला,साहित्य तथा संगीतमा रूचि पनि बढ्नेछ ।

कन्या : पराक्रम र उत्साह बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । सहयोगीहरूले साथ दिनेछन् र काममा सोचेजस्तै सफलता मिल्नेछ ।

तुला : ठीक समयमा सही निर्णय लिन सकिनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । धार्मिक कार्यको योजना बन्नेछ । भूमिबाट लाभ रहला ।

वृश्चिक : सामान हराउने वा चोरी हुने सम्भावना छ । स्वस्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । साझेदारी काममा उल्झन आउनेछ । बन्न लागेको काम विग्रिनेछ ।

धनु : आज समाज सेवामा मन लाग्नेछ । नयाँ कामको योजना बन्नेछ । वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । भाग्यले विभिन्न अवसर जुराउने छ ।

मकर : लक्ष्मी प्रसन्न हुने योग छ । महत्त्वपूर्ण कामको योजना बन्नेछ । सामाजिक कार्यमा मन जानेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

कुम्भ : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथीको आगमन हुनसक्छ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् ।

मिन : आज सहकर्मीबाट विरोध आउला । लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । नियमित खर्चसमेत बढ्ने योग छ ।

प्रहरीलाई घाइते बनाउने थुनामा

टुडे एक्सप्रेस / सप्तरी

कार्यक्षेत्रमा खटिरहेका अवस्थामा प्रहरीलाई घाइते बनाएर फरार रहेका मोटरसाइकल चालक आज पुर्पक्षका लागि थुनामा परेका छन्। सवारी अड्गभड्ग मुद्दामा सिरहाको लहान नगरपालिका-१८ का ३४ वर्षीय डम्बरनारायण चौधरीलाई सप्तरी जिल्ला अदालतको आदेशमा राजविराज कारागारमा थुनामा पठाइएको प्रहरीले जनाएको छ।

स ७ प २५८० नम्वरको मोटरसाइकल चलाएका चौधरीले गत मङ्सिर २१ गते सवारी साधन जाँच गरिरहेका प्रहरी सहायक निरीक्षक हिमवहादुर खतिवडालाई ठक्कर दिएर घाइते बनाएका थिए।

सप्तरीको सुरुङ्गा नगरपालिका-४ स्थित पूर्वपश्चिम रागमार्गमा रहेको ट्राफिक प्रहरी पोष्ट कदमाहा कार्यरत खतिवडाले सवारी साधन जाँच गरिरहेका बेला मोटरसाइकलले ठक्कर दिँदै चौधरी फरार भएका थिए।

फरार उनलाई पक्राउ गरी सवारी अड्गभड्ग मुद्दा चलाइएको छ। दुर्घटनामा घाइते प्रसनि खतिवडाको खुट्टा भाँचिएको थियो । घाइतेको स्वास्थ्योपचार भएको छ।

खैरो हेरोइनसहित पक्राउ परेका थुनामा

टुडे एक्सप्रेस / सप्तरी

लागूऔषध खैरो हेरोइन (ब्राउनसुगर)सहित पक्राउ परेका युवक बुधबार थुनामा परेका छन्।

जिल्ला अदालतको आदेशले तिलाठी कोइलाडी गाउँपालिका-७ का २७ वर्षीय भरत शर्मा सुतिहार पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा परेका प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय कञ्चनरुप टोलीले अग्निसाइर कृष्णासवरन गाउँपालिका-५ बकधुवास्थित भित्री सडक खण्डबाट ५० ग्राम खैरो हेरोइनसहित सुतिहार र उनका भाइलाई गत कात्तिक १ गते पक्राउ गरेको थियो । आरोपितका भाइ (काकाका छोरा) १७ वर्षीय बालक भएकाले उनलाई निजको बुवाको जमानीमा छाडिएको छ।

इलाका प्रहरी कार्यालय कञ्चनरुपका प्रहरी नायब उपरीक्षक नरेशकुमार सिंहको नेतृत्वमा खटिएको टोलीले स ७ प १८६५ नंको मोटरसाइकलमा महादेवा गाउँबाट महुलीतर्फ जाँदै गरेको उनीहरूलाई पक्राउ गरेको थियो । प्रनाउ सिंहका अनुसार खैरो हेरोइन लिएर मोटरसाइकलमा आउँदै गरेको सूचनापछि सवारी साधन तथा पैदलयात्रीलाई जाँच गर्ने क्रममा आरोपित पक्राउ परेका हुन्। मोटरसाइकल पछाडि सवार भरत शर्माको साथबाट १० ग्रामको दरले बनाएको पाँच पोका खैरो हेरोइन बरामद भएको थियो।

आरोपितले भारतबाट खैरौ हेरोइन लिएर आएको बताए । भरत शर्माले लगाएको पाइन्टको गोजीमा प्लास्टिकभित्र प्याक गरेर राखेको अवस्थामा खैरो हेरोइन बरामद भएको प्रनाउ सिंहको भनाइ छ । उनीहरूविरुद्ध लागूऔषध (नियन्त्रण) ऐन, २०३३ अनुसार मुद्दा चलाइएको छ।

सरकारको उपलब्धी :

९७९ किमी सडक कालोपत्रे, २१८ पुल निर्माण

आधारभूत सरसफाइबाट लाभान्वित जनता शतप्रतिशत

टुडे एक्सप्रेस / काठमाडौं

राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष प्रधानमन्त्री केपी शर्मा ओलीले बिहीवार नेपाल सरकारको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन बुझाएका छन्। नेपालको संविधानको धारा ५३ एवं सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम उनले सो प्रतिवेदन बुझाएका हुन्।

नेपालको संविधानको भाग ४ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनका सम्बन्धमा गरेका काम तथा प्राप्त उपलब्धिसम्बन्धी धारा ५३ बमोजिमको वार्षिक प्रतिवेदन एवं नेपाल सरकारले गरेका प्रमुख कार्यको विवरण प्रतिवेदन समावेश गरिएको छ । देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय एकता, राष्ट्रिय सम्मान, सुशासन र समृद्धिलाई सर्वोपरि प्राथमिकतामा राखी 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने दिशामा यस वर्ष विभिन्न महत्वपूर्ण काम भएको प्रतिवेदनमा जनाइएको छ।

'लोकतन्त्रका सबै आधारभूत विशेषतासहितको समाजवादउन्मुख परिपूर्ण लोकतन्त्रको अभ्यास र विकास हुँदै गएको छ। जनता नै राज्य शक्तिका स्रोत हुन् भन्ने मान्यता सही अर्थमा स्थापित भएको छ। नागरिकका मौलिक हक एवं सामाजिक न्याय सुनिश्चित गर्न जारी भएका कानूनहरू कार्यान्वयनमा ल्याइएको छ', प्रतिवेदनमा भनिएको छ, 'सुगौली सन्धि एवं ऐतिहासिक तथ्य र प्रमाणका आधारमा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समावेश भएको नेपालको राजनीतिक तथा प्रशासनिक नक्शा प्रकाशन गरिएको छ। सङ्घीय संसद् को सर्वसम्मतिबाट नेपालको संविधानको दोस्रो संशोधन गरी नेपालको अद्यावधिक नक्शा र निशाना छापसमेत तदनुरूप परिवर्तन गरी प्रयोगमा ल्याइएको छ।' सोही आर्थिक वर्षमा नेपालको आफ्नै जनशक्तिद्वारा पहिलो पटक सगरमाथाको उचाइ मापन गरिएको छ। भूमिसम्बन्धी समस्या समाधान गर्न आयोग गठन गरी काम अघि बढाइएको छ। विभिन्न व्यक्ति र संस्थाद्वारा अतिक्रमित सयौं बिघा जग्गा नेपाल सरकारका नाममा फिर्ता ल्याइएको छ।

सो अवधिमा थप ९७९ किमी सडक कालोपत्रे र ७५७ किमी सडक खण्डास्मितमा स्तरोन्नति गरिएको २१८ सडक पुल निर्माण सम्पन्न गरिएको र सिँचाइ सुविधा थप पाँच हजार ५६७ हेक्टर जमीनमा पुगेको छ। आधारभूतस्तरको खानेपानी सुविधा र उच्च तथा मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या सो आवमा दुईदुई प्रतिशतले वृद्धि भई क्रमशः ९१ प्रतिशत र २३ प्रतिशत पुगेको छ। आधारभूत सरसफाइ सेवाबाट लाभान्वित जनसङ्ख्या एक प्रतिशतले वृद्धि भई शतप्रतिशत पुगेको छ। सो आवमा १४९

मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा थप भएको छ। थप चार लाख ३४ हजार घरधुरीमा विद्युत्को पहुँच विस्तार भएको छ।

विसं २०७२ को भूकम्पमा क्षतिग्रस्त निजी घरमध्ये सो आवमा पाँच लाख आठ हजार १४१ घरको पुनःनिर्माण गरिएको छ। निर्माणाधीन गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको ९१ प्रतिशत र पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलको ६२ प्रतिशत समष्टिगत प्रगति भएको छ। चन्द्रगढी, विराटनगर, जनकपुर, भरतपुर र धनगढी विमानस्थलको विकास र स्तरोन्नति भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत ७०१ स्थानीय तहका ८७ हजार ७५७ व्यक्तिले रोजगारी पाएका छन्।

मानवअधिकारको संरक्षण, सम्बर्धन तथा प्रवर्धनका लागि सरकारको प्रतिबद्धतानुरुप मानवाधिकारका अन्तरराष्ट्रिय अनुबन्धमा स्वीकार गरिएका दायित्व सरकारले जिम्मेवारीपूर्वक निर्वाह गरेको छ। शान्ति सुरक्षाको स्थिति थप सुदृढ भएको छ। भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अपनाइएको छ। राजस्व चुहावट, विदेशी विनिमय अपचलन र अवैध हुण्डी कारोवारको कसूरसमेत गरी अदालतमा २४४ मुद्दा दायर गरिएको छ।

सरकारी बजेट प्रणाली, लेखा प्रणाली र राजश्व व्यवस्थापनका क्षेत्रमा महत्वपूर्ण सुधार गरिएको छ। सो आवमा रु सात खर्ब ९३ अर्ब ७८ करोड राजस्व सङ्कलन भएको छ। व्यापार घाटामा १६.८ प्रतिशतले ह्रास आएको छ। सो आवमा २० ऐन र तीन नियमावली जारी गरिएका छन्। एकीकृत कानूनी सहायता नीति, २०७६ स्वीकृत भएको छ।

सोही आव राष्ट्रपतिबाट म्यान्मा र जापानको राजकीय भ्रमण सम्पन्न भएको छ । प्रधानमन्त्रीबाट असंलग्न राष्ट्रको बाकुमा भएको १८औँ शिखर सम्मेलनमा सहभागिता भएको छ। यसका अतिरिक्त आठ मुलुकमा उच्चस्तरीय वैदेशिक भ्रमण भएको छ। मित्रराष्ट्र चीनका राष्ट्रपतिबाट २३ वर्षपछि नेपालको राजकीय भ्रमण सम्पन्न भएको छ । बङ्गलादेशका राष्ट्रपतिबाट नेपालको राजकीय भ्रमण भएको छ । ती भ्रमणबाट नेपाल र छिमेकीलगायत अन्य मित्रराष्ट्रबीचको सम्बन्ध थप सुदृढ र प्रगाढ बनेको छ।

कोभिड-१९ को महामारीका कारण मुलुकको आर्थिक, सामाजिकलगायत सबै क्षेत्रमा नकारात्मक असर पुगेको छ। स्पष्ट रणनीति र समन्वयात्मक कार्यशैली अवलम्बन गरी महामारीका बीचमा पनि जनजीवनलाई सामान्य बनाइराख्न र महामारीलाई नियन्त्रण बाहिर जान नदिन सरकार सफल भएको प्रतिवेदनमा जनाइएको छ। महामारीबाट अर्थतन्त्रमा पर्ने प्रभावसमेतको प्रारम्भिक आकलन गरी स्वास्थ्य क्षेत्रमा पूर्वाधार तथा क्षमता विकास, रोजगारी सिर्जना एवं विस्तार र विकास निर्माणमा केन्द्रित हुने गरी आव २०७७ । ७८ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ।

संविधानमा निर्दिष्ट निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनका क्रममा सो अवधिमा आइपरेका कठिनाइलाई पृष्ठपोषण र चुनौतीलाई अवसरका रूपमा लिई उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै सरकार अघि बढिरहेको जनाइएको छ। यसैगरी संविधानको धारा २६(३) अनुसार राष्ट्रिय सुरक्षा परिषदका अध्यक्षका हैसियतले परिषद्को वार्षिक प्रतिवेदन पनि प्रधानमन्त्रीले प्रस्तुत गर्नुभएको छ। सो अवसरमा गृहमन्त्री रामबहादुर थापा, अर्थमन्त्री विष्णुप्रसाद पौडेल र परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीको पनि सहभागिता थियो।

'संसद पुनःस्थापनाले समस्या समाधान हुँदैन'

टुडे एक्सप्रेस / काठमाडौं

जनता समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले संसद पुनःस्थापना गरेर अहिलेको समस्या समाधान नहुने बताएका छन्। संसद पुनःस्थापना वा चुनाव जे भए पनि फेरि प्रतिगमन हुने तर्क गर्दै समस्याको स्थायी समाधान खोज्नुपर्ने बताए।

रिपोर्टर्स क्लबमा आयोजित कार्यक्रममा उनले संसद पुनःस्थापना र मध्यावधि चुनाव दुवै संभ्रान्तहरूको स्वार्थ रक्षाको एजेन्डा भएको बताए। भने, 'संसद पुनःस्थापनाले अहिलेको समस्या समाधान हुँदैन, यसले संभ्रान्तहरूको मात्र स्वार्थ रक्षा गर्छ। स्थायी समाधान गर्ने हो भने बहुल राष्ट्रको निर्माण गर्नुपर्छ।'

देशमा संसद पुनःस्थापना गरेर फेरि चुनावमा जाँदा अर्को पात्रले प्रतिगमन गर्ने महतोले बताए। अहिलेको संविधान सबै जनताको नभएकाले समस्या आएको महतोको तर्क थियो।

पार्टी विभाजनको कुनै औचित्य छैन : नेता गौतम

टुडे एक्सप्रेस / काठमाडौं

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता वामदेव गौतमले हाल आफ्नो दल दुई समूहमा विभाजित देखिए पनि आफू कुनै समूहमा नभएको स्पष्ट गरेका छन्। राष्ट्रियसभाको बिहीबारको बैठकमा विशेष समयमा उनले भने, 'तीन वर्षमा पार्टी विभाजन गर्नु थियो भने एकता किन गर्नुपर्थ्यो ? पार्टीमा अन्तरपार्टी सङ्घर्ष र वादविवाद हुन्छ तर नेता त्यो हुन्छ जसले ती विवादमा समाधान दिन सक्छ।'

पार्टी विभाजनको कुनै औचित्यता नरहेको बताउँदै नेकपा उपाध्यक्ष गौतमले पार्टीका नेताहरूको कार्यशैलीमा सुधारका लागि आफूले प्रयास गरे पनि सफल हुन नसकेको धारणा व्यक्त गरे। आफू विभिन्न कारणले विरोधी जस्तो भएर बस्नुपरेको गुनासो पनि उनले राखे।

पछिल्लो समय आफू निरन्तर

पार्टी एकतालाई जोगाउन लागिपरेको र अविश्वासको प्रस्तावलाई पनि असफल गराएको जानकारी दिँदै नेता गौतमले भने, 'आरोप-प्रत्यारोपका पत्र राख्दा पनि यो एउटा सुधारका निम्ति उपाय हुन सक्छ भन्ने लागेको थियो। यसपटक प्रतिनिधिसभा भङ्ग गर्दा पनि मलाई थाहा भएन।'

प्रतिनिधिसभा विघटन सम्बन्धी विषय सर्वोच्च अदालतको संवैधानिक इजलासमा लगिएपछि विचाराधीन भएकाले अहिले असंवैधानिक भनेर भन्न नमिल्ने बताउँदै नेता गौतमले त्यसैले आफू चुप लागेको बताए। नेकपाले संविधानको सर्वोच्चतालाई आफ्नो मूल सिद्धान्त बनाएको उनको भनाइ थियो।

गौतम दिगो विकास समितिमा मनोनीत

राष्ट्रियसभाको बैठकले गौमतलाई सभाको दिगो विकास तथा सुशासन समितिमा मनोनयन गरेको छ। राष्ट्रियसभा नियमावली २०७५ को नियम १४९ को उपनियम १ बमोजिम उनलाई सो समितिमा मनोनयन गरिएको हो। बैठकमा यसअघि प्रधानमन्त्रीका तर्फबाट कानून, न्याय तथा संसदीय मामिलामन्त्री लीलानाथ श्रेष्ठले मधेशी आयोगको वार्षिक प्रतिवेदन २०७६/०७७ पेश गरेको थियो।

'प्रदेश संघीयताको मुटु'

टुडे एक्सप्रेस / विराटनगर

प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले प्रदेश संरचना संघीयताको मुटु भएको बताएका छन्। केन्द्र र स्थानीय तहको प्रयोग लामो समयदेखि भए पनि प्रदेश संरचना नयाँ भएको उनले बताए।

आर्थिक ममिला तथा योजना मन्त्रालयको जिम्मेवारीसमेत सम्हाल्नु भएका मुख्यमन्त्री राईले प्रदेश १ को आर्थिक अवस्थाबारे जानकारी लिएपछि संघीयताको मुटु प्रदेश भएकाले यसलाई समृद्ध बनाउनुपर्ने बताए। उनले प्रदेश सरकारको मुटु आर्थिक मामिला तथा योजना मन्त्रालय भएको तर्क गरे।

प्रदेश सरकारको मुटु पहिलो वर्ष राम्रै चले पनि दोस्रो वर्षको अन्त्यदेखि समस्या देखिँदै गएको आफूले पाएको उनले बताए। उनले भने, 'चालू आर्थिक वर्षको बजेट प्रस्तुत भएर पारित भइसकेपछि मुटु क्रोनिक अवस्थामा पुगेको थाहा भयो।' समस्या पहिचान भएकाले उपचारको प्रक्रिया शुरु भइसकेको उनको भनाइ छ।

प्रदेश सरकारले सही र यथार्थपरक बजेट बनाउन नसकेको र वित्तीय अनुशासन कायम नभएकाबारे विभागीय मन्त्रीलाई पटकपटक सचेत गराएको उनले बताए। उनले मन्त्रालयमा देखिएको बेथितिलाई पूर्णरुपमा निर्मूल गर्न निर्देशन दिए। प्रणालीको विकास हुन नसक्दा मुलुकको दिगो र व्यवस्थित विकास हुन नसकेको उनले बताए। प्रदेशमा प्रणालीको विकास गरी अनुसन्धानमा आधारित विकास कार्यअघि बढाइने उनले बताए।

पछिल्लो राजनीतिक घटनाक्रमले केही अन्यौलता देखिए पनि अन्यौलतामा नपरी काम गर्न कर्मचारीलाई उनले आग्रह गरे। मुख्यमन्त्री राईले भने, 'प्रदेशमा जसरी घटनाक्रम अघि बढेको छ, यसको भ्रममा नपर्नुहोला।' आगामी माघ ७ गतेको प्रदेशसभापछि अन्यौलता हट्ने उनले विश्वास व्यक्त गरे।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

धनुषा (०४१-)

सिडिओ जिल्ला प्रशासन कार्यलय	९८५४००७७७७
एसपी जिल्ला प्रहरी कार्यलय	९८५४००५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०६
ट्राफिक प्रहरी निरिक्षक	९८५४०९०४०२
प्रहरी (हटलाईन)	१००,४२००९९, ४२०२९९
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर)	५२००३३
आँखा अस्पताल	५२०३९७
रक्तसंचार (रेडक्रस)	५२०८७०
जनकपुर सिटी हस्पिटल भानुचौक	५२५०१
जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक	५२५३४१
कृष्णा नर्सिङ्गहोम	५२१९१८
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा कलब)	९८०४८१४१२६
एम्बुलेन्स (हिमालय युवा कलब)	९८०४८१४१२६
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३६
बरुण यन्त्र (जनकपुर)	५२००११

काठमाण्डौं (०१-)

प्रहरी कन्ट्रौल	१००
ट्राफिक प्रहरी	१०३
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
विर अस्पताल	४२२१२२९
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१४७९८, ४४२७४५२
नेपाल अर्थोपेडिया अस्पताल	४९११७२५
प्रसूतीगृह थापाथली	४२५३२७६
तिलगंगा आँखा अस्पताल	४४९३६८४
कान्तिपुर अस्पताल तीनकुने	४१११९५७/८५८
बी एण्ड बी अस्पताल	४४३३२०६
गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट	४२५८५५२
नर्भिक हस्पिटल, थापाथली	४२५८५५४
सहिद गंगालाल रा. हृदयरोग केन्द्र	४३७१३२२

पर्सा

प्र.जि.अ.(सिडिओ)	९८५५०७७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५५०७५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१११
ट्राफिक प्रहरी निरिक्षक	९८५५०९०७०१

बारा

प्र.जि.अ. (सिडिओ)	९८५५००७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५५००५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०८
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८११६४

रौतहट

प्र.जि.अ. (सिडिओ)	९८५५०३७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५५०३५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१००७
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८२६०८

सर्लाही

प्र.जि.अ.(सिडिओ)	९८५४०२७७७७
प्रहरी उपरिक्षक(नेपाल प्रहरी)	९८५४०७५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२११०
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८१४५४

महोत्तरी (०४४-)

प्र.जि.अ.(सिडिओ)	९८५४०२७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५४०८५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०९
ट्राफिक प्रहरी निरिक्षक	९८५२०९०२७१
प्रहरी (जलेश्वर)	०४४-५२०००९
जलेश्वर अस्पताल	०४४-५२००७०
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	५२००६६,५२०१६
वरुण यन्त्र (जलेश्वर)	०४४ ५२००९७

सिरहा

प्र.जि.अ.(सिडिओ)	९८५२८३७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५२८६५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०५
ट्राफिक प्रहरी निरिक्षक	९८५२८९०१४४

सप्तरी

प्र.जि.अ. (सिडिओ)	९८५२८५७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५२८५५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०४
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८१३७७

सम्पादकीय...

वृहत् इजलाशको माग अनुचित होइन

प्रधानमन्त्री केपी ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नुभएको प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्च अदालतमा परेको रिटमा सुनुवाई भइरहेको छ। सर्वोच्च अदालतमा परेको रिटको सुनुवाई ५ न्यायाधीशहरूको सदस्यीय वेञ्चमा सुनुवाई हुँदैछ। संवैधानिक अदालतको वेञ्च गठन गरी संसद विघटन सम्बन्धी मुद्दामा सुनुवाई भइरहेको छ। रिट निवेदक र उनीहरूका पक्षका कानुन व्यवसायीहरूले १२ सदस्यीय वृहत् इजलासको माग गर्न थालेका छन्। संवैधानिक अदालतको वेञ्च गठन भए लगत्तै पूर्ण इजलाशको माग गर्न थालिएको हो। तर प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवराले वृहत् इजलाशको माग अस्वीकार गर्नुभएको हल्ला फैलिएको छ।

प्रधानमन्त्री केपी ओलीले अदालतलाई प्रभावित पार्ने , दबाबमा राख्ने र फैसला आफ्नो पक्षमा ल्याउन सक्ने भन्दै सामाजिक सञ्जालमा व्यापक चर्चा भइरहेको छ। न्यायाधीशहरूको नियुक्ति प्रकृयासंगै सरकार पक्षसँग हिमचिम र सम्बन्धको चियोचार्चा हृवात्तै बढेको छ। सर्वोच्च अदालतले दिने फैसला निश्चय नै संविधान र कानुन सम्मत होला तर प्रकृया पनि पारदर्शी र विश्वसनीय भयो भने जन जनले फैसला सहर्ष स्वीकार गर्नुपर्छ र गर्छन्। सर्वोच्च अदालतको गरिमा झनै बढ्छ। त्सका लागि ५ जना न्यायाधीशको वेञ्चको सट्टा १२ जना न्यायमूर्ति रहने वृहत् वेञ्च नै हुँदा रिट निवेदकको पनि चित्त बुझ्ने हुँदा त्यसतर्फ सर्वोच्च अदालतले पुनः बिचार गर्नु नै उपयुक्त हुन्छ। सानो वेञ्चको फैसलामा चित्त नबुझे पुनः पूर्ण इजलाश समक्ष पुनरावलोकनका लागि अर्को निवेदन आउन सक्छ। त्यस्तो अवस्थामा पुनः सुनुवाई हुन सक्ने अवस्था आउँछ। अर्कोतिर न्यायाधीश नियुक्ति र हिमचिम मिलेको कारण छत्रछायाँमा रहेका न्यायाधीशहरूको वेञ्चमा प्रयोग भयो भन्ने आरोप पनि उठ्न सक्छ। त्यसकारण कतै आशंका र आरोपको औंला उठाउन नसक्ने गरी सर्वोच्च अदालतले वृहत् इजलाशको माग स्वीकार गर्दा अदालतको कुभलो हुने छैन।

संसद विघटनको मुद्दामा संविधानको व्याख्या माग गरिएको छ। यो मुद्दा नै असामान्य हो। संवैधानिक अदालतको वेञ्च गठन भएको छ। सर्वोच्च अदलातको अहिलेको फैसलाले अहिले मात्र मार्गप्रसस्त गर्ने होइन। आउँदो भविष्यको लागि पनि एक सशक्त नजिरको काम गर्छ। पहिलेका नजिरहरूको पनि व्याख्या विश्लेषण गर्नुपर्छ। सर्वोच्च अदालतले एमिकस क्युरी गठन गर्ने प्रस्ताव गरेर मुद्दाको गहनतालाई आफै पुष्टि गरिसकेको छ। यो मुद्दाको फैसलासंग वर्तमान संविधान र त्यसले सिर्जना गरेको प्रणालीको अविच्छिन्नता गाँसिएको छ। यो मुद्दा निश्चय नै दूरगामी महत्व राख्ने मुद्दा हो। अहिले प्रतिपादन हुने नजिरमा वा व्याख्या हुने संविधानको सिद्धान्तमा कमी रहन गयो भने त्यसले मुलुकमा धेरै पछिसम्म नाकारात्मक असर पार्छ। मुलुकलाई द्वन्द्वमा लैजान सक्छ। न्यायपालिकामा माथि आक्षेप आउन सक्छ। त्यसकारण दोष आउने सबै छिद्रलाई टालेर सर्वोच्च अदालतले काम गर्न सक्नु पर्छ। न्याय सम्पादन गर्न सक्नु पर्छ। वृहत् इजलाशको माग पनि अनुचित होइन।

अमेरिकी प्रजातन्त्र रगतको आँशु रुँदैछ

सन्तोष यादव

सत्ता हस्तान्तरण निश्चय नै शासकले हेर्न नचाहने र सहन गर्न नसक्ने क्षण रहेछ भन्ने कुरा ट्रम्प र ओलीको व्यवहारले पुष्टि गर्दछ।

डेमोक्रेसी इज द गभर्मेन्ट अफ द पिपुल फर द पिपुल बाइ द पिपुल। अमेरिकी पूर्व राष्ट्रपति अब्राहम लिंकनको यो प्रजातन्त्रको परिभाषा संसारभरका विद्यार्थीले कण्ठाग्र गर्दछन्। जनमतद्वारा शासकको चयन र सत्ताको शान्तिपूर्ण हस्तातरणका लागि अमेरिकी प्रजातान्त्रिक अभ्यास विश्वका लागि अनुकरणीय उदाहरण मानिन्थ्यो। आपतकालीन अवस्थामा पनि नागरिक अधिकारको रक्षा, बहाली र निर्विघ्न उपभोगको लागि अमेरिकी जनता आफ्नो राष्ट्रिय राज्य प्रणालीमा गर्व गर्थे। व्यक्तिगत स्वतन्त्रता र निजत्वको संरक्षण, सम्वर्द्धन तथा उपभोगको खुलापनले अमेरिका क्मयुनिष्ट राज्यहरू भन्दा अब्बल र प्रभावशाली ठहरियो। साम्यवादी नीतिभन्दा अमेरिकाले पक्षपोषण हिमायत गरेको मानव अधिकारसहितको प्रजातान्त्रिक राजनीतिक प्रणाली उत्कृष्ठ ठहरिदै गयो। अधिकांश देशहरूले प्रजातन्त्रको अनुशरण गरे।

त्यही स्वप्नील अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्रपति पदको एक कार्यकाल पूरा गरी अर्को कार्यकालको लागि निर्वाचनमा जाँदा पराजय भोगे। पराजित भएपछि विजेतालाई सरल रुपमा सत्ता हस्तान्तरण गरेर जनमतको कदर गर्ने आशा गरिएको थियो। अमेरिकी प्रजातान्त्रिक अभ्यास र परम्परा अनुसार सत्ता हस्तान्तरण एक मैत्रिपूर्ण उत्सव हुने आशा गरिएको थियो। तर निर्वाचन परिणाम घोषणा हुनु पूर्व नै ट्रम्पले आफू पराजित भए अमेरिका र अमेरिकी प्रजातन्त्रले कालो धब्बा बोक्नु पर्ने चुनौती दिएका थिए। उनको चुनौतीलाई सामान्य रुपमा हेरियो। पराजयको बर्बराहट मात्र ठानियो। तर अन्तत उनले विदाईको क्षण आउनु पूर्व नै अमेरिकी संसदमा हमला गर्न लागाएर अमेरिकी प्रजातान्त्रिक परम्परा र गर्विलो इतिहासलाई कलंकित बनाइ दिए।

सत्ता हस्तान्तरण गर्नु पूर्व ट्रम्प समर्थक अनियन्त्रित भीडले अमेरिकी संसदभित्र पसेर आक्रमण गरेका छन्। सत्ता हस्तान्तरण समारोह पूर्व ४ जना भिडन्तमा मारिएका छन्। ५०भन्दा बढी मानिसहरू गिरफ्तार भएका छन्। सत्ता हस्तान्तरण उत्सव हुने शहरमा आपतकाल लगाइएको छ। ट्रम्पलाई प्रतिस्थापन गर्ने विजेता जोइ वाइडेन ह्वाइट हाउस पस्न सेनाको गुहार माग्नु पर्ने अवस्था छ। उमंग र उत्साहको स्थानमा मृत्यु र भय छ। भेनेजुएला जस्ता कम्युनिष्ट राष्ट्रहरूमा प्रजातान्त्रिक अधिकार र अभ्यास छैन भनेर अमेरिक कुर्लिन्थ्यो र दबाबमा राख्न खोज्थ्यो। आज ती र त्यस्ता राष्ट्रहरूले अमेरिकी प्रजातन्त्रलाई सुझाव प्रदान गरिरहेका छन्। परिस्थिति यस्तो आएको छ कि विश्वका नेताहरूले अमेरिकी प्रजातन्त्रको रक्षा गर्न आवाज उठाउनु परेको छ।

विश्वमै लोकतन्त्रको पहरेदार मानिएको अमेरिका आज निरीह बनेको छ। नव निर्वाचित राष्ट्रपति जोइ वाइडेन ह्वाइट हाउस छिर्न पाउने कि नपाउने हुन् शंका उत्पन्न भएको छ। जनवरी २१ म कार्यकाल सम्हाल्न राष्ट्रपति भवन प्रवेश गर्ने समयसम्ममा अमेरिकामा अर्को भयावह अनिष्ट हुने हो कि भन्ने भय फैलिएको छ। नव निर्वाचित राष्ट्रपतिलाई सत्ता बुझाउन अमेरिकी सेना नै उतार्नु पर्ने हो कि भन्ने लख काट्न थालिएको छ। लोकतान्त्रिक प्रणाली मजवुत भएपछि प्रणालीले काम गर्छ। सुशासनका लागि ज्यादा ऊर्जा खर्चिनु पर्दैन भन्ने मान्यता गलत साबित भएको छ। शसक धुन्धकारी भएपछि प्रणाली ध्वस्त हुन निमेष पनि नलाग्ने रहेछ। अमेरिकी संसदमाथिको आक्रमण त्यसको प्रत्यक्ष उदाहरण हो।

विश्वले युद्ध र नरसंहारका लागि सर्वाधिक दोषी मान्ने र घृणा गर्ने व्यक्तित्व हुन् हिटलर। जर्मनीमा हिटलरको उदय पनि निर्वाचनबाटै भएको थियो। क्रुरताका लागि युग युगसम्म विश्वले नबिर्सिने शासक हिटलर विशुद्ध सैन्य पृष्टभूमिबाट आएका होइनन्। त्यसकारण लोकतान्त्रिक निर्वाचन प्रणालीले निरंकुश तानाशाह जन्माउदैन भन्न मिल्दैन। पराजय स्वीकार नगर्ने र सत्ता हस्तान्तरणमा घिन्याई गरी वितण्डा मच्चाउने ट्रम्प छोटे हिटलर बन्न खोज्दैछन्। उग्र राष्ट्रवादी नारा अमेरिका पुनः नम्बर वान भनेर निर्वाचन जितेर आएका ट्रम्पको महत्वाकांक्षा हिटलरको भन्दा कम छैन। लोकतन्त्रलाई जीवन पद्धति बनाउन नचाहने व्यक्ति शक्तिमा पुगे पछि सधैको लागि सर्वशक्तिमान बनिरहन चाहन्छन्। जस्को कारण हिटलर जन्मिन्छन्। निरंकुश तानाशाहको पछिल्लो हिटलरी अवतार अमेरिकामा डोनाल्ड ट्रम्प देखिएका छन्। सत्ता हस्तान्तरण गर्न अझै दश दिन बाँकी रहँदा अमेरिकी संसदभित्र नै रक्तरञ्जित आक्रमण भएको छ। ट्रम्पले आफ्ना समर्थकहरूलाई यो दिन याद राख्न भनेका छन्। जसले गर्दा अझै उत्पात हुने हो कि भन्ने थप त्रास बढाएको छ।

नेपालमा पनि ट्रम्पको संस्करण ओलीको अभ्युदय त्रासदीपूर्ण छ। नेपाली लोकतन्त्रलाई पनि कोरोना संक्रमणमा परे जस्तै भएको छ। नेपालको संविधान र लोकतन्त्र तँग्रिने हो की थलिने हो अनिश्ति छ। संसद विघटन भएर लोकतन्त्र आइसियूमा पुगिसकेको छ। सर्वोच्च अदालतको फैसलाले संसद ब्युँतियो भने संक्रमण जितेर लोकतन्त्र ठीकठाक रहला। तर निर्वाचनमा जाने प्रधानमन्त्रीको निर्णय नै सदर भयो भने यसै भन्न सकिन्न। जनआन्दोलनको थेरापीले लोकतन्त्रलाई स्वस्थ पार्न सक्छ कि सक्दैन चौतर्फी शंसय र चिन्ता बढेको छ। सत्ता हस्तान्तरण निश्चय नै शासकले हेर्न नचाहने र सहन गर्न नसक्ने क्षण रहेछ भन्ने कुरा ट्रम्प र ओलीको व्यवहारले पुष्टि गर्दछ।

विश्वभरका कम्युष्टिहरू भन्छन् र अहले पनि भनिरहेका छन् , विश्व पूँजीवाद संकटमा छ। विश्व पूँजीवादको मिति पुग्यो। अब यो धेरै दिन टिक्न सक्दैन। अमेरिकामा देखिएको हालको संकट र ट्रम्प प्रवृति विश्व पूँजीवादमाथि मडारिएको संकटको झलक हो। के विश्व पूँजीवादको महानायक अमेरिका कम्युनिष्टहरूले भने झैं गल्याम्मै ढल्छ त ? कम्युनिष्टहरू भन्छन् यो प्रश्नको उत्तर खोज्दै अमेरिकी संकटको विश्लेषण गर्नुपर्छ। ट्रम्पले भनेको अमेरिका फेरि नम्बर वान अब किंचित सम्भव छैन। किनकी अब अमेरिकी आवारा पूँजीवाद फस्टाउने ठाउँ छैन। किनकी विस्तार हुने ठाउँ नै छैन। विश्वभर समाजवादीहरूको बाहुली मजवुत हुँदैछ। साम्राज्यवाद घुँडा टेक्दै छ। एसियाबाट अमेरिकी शक्तिको समानान्तर शक्तिको उदय हुँदैछ। आर्थिक र सामरिक शक्तिमा कुम जोडिने शक्ति पैदा भएपछि अमेरिकाले एक ध्रुविय विश्व टिकाइ राख्न सक्दैन। स्वयं अमेरिका अनेकथरी आन्तरिक संकटमा रुमलिएर ओरालो लाग्ने भएको छ।

अमेरिकामा सत्ता हस्तान्तरणमा देखिएको संकटलाई क्षणिक मान्न सकिन्न। यो फगत ट्रम्पको दादागिरी, सनक वा बहुलठ्ठीपन मात्र होइन। विश्व पूँजीवादको रखवाला अमेरिकाको पाँच वर्षीय ट्रम्प शासनकालमा उसका युरोयिन सहयोगीहरू वाक्क दिक्क भइसकेका छन्। अमेरिकी एकाधिकारवाद, महत्वाकांक्षा र नम्बर वानको अनन्तकालसम्मको चाहनालाई जोगाउन युरोपको शक्ति खर्चिन नसकिने भन्दै अमेरिकाको साथ छोड्नेहरू पनि नभएका होइनन्। यस्तो परिस्थितिमा लोकतन्त्रको अविराम, अकिंञ्चन र अविच्छिन्न निष्कलंक परम्परा धानेको भन्ने अमेरिका नै राजनीतिक रुपमा प्रदूषित भयो। लोकका अगाडि दृष्टान्त दिन मिल्ने रहेन। अमेरिकी राजनीतिक प्रणालीमा आएको ह्रास र अर्थतन्त्रमा भएको क्षयीकरणले उसको साख गिरेको छ।

विश्वमा आफ्नो गुप्तचर संस्थामार्फत उथुलपुथल ल्याइदिने अमेरिका आफ्नै आन्तरिक किचलोका कारण हतप्रभ हुनु परेको छ। अमेरिकी लोकतन्त्रमा पनि साना नै सही हिटलरको जन्म र पालन पोषण सम्भव हुनु अमेरिकी दबदबा भर्सेला पर्न लागेको संकेत हो। अमेरिकीद्वारा पालित पोषित विश्व पूँजीवादको दिन अद्योगतितिर लम्किएको हो। द्वन्द्व बढ्दै जाँदा रिपब्लिकन र डेमोक्र्याट्सहरू बीच लोकतन्त्रलाई हेर्ने दृष्टिकोणमा पनि भिन्नता आउन सक्छ। अमेरिकी प्रभाव अब विश्वबाट घट्दै जाने र समानान्तर शक्तिको प्रादुर्भाव हुनेमा कुनै शंका छैन।

अमेरिकी संसद भवनमा आक्रमण : एक पत्रकारले जे देखिन्

जेमी स्टेह्म

जुन समय वासिङ्टन डिसीस्थित अमेरिकी संसद भवन (क्यापिटल बिल्डिङ) मा राष्ट्रपति डोनाल्ड ट्रम्प समर्थक प्रदर्शनकारीले आक्रमण गरेका थिए त्यतिबेला जेमी स्टेह्म त्यही भवनमा थिइन्। जेमी पेशाले पत्रकार हुन्। उनी राजनीतिक विषयमा कमल चलाउँछिन्। जब भीड क्यापिटल बिल्डिङमा प्रवेश गर्दै थियो, त्यतिबेला जेमी प्रेस ग्यालरीमा बसिरहेकी थिइन्।

बुधवार बिहानदेखि नै उनलाई लागिरहेको थियो- आज केही गडबड हुन्छ। उनले यस बारेमा आफ्नी बहिनीसँग कुरा गरेकी थिइन्। उनले बहिनीलाई भनेकी थिइन्, 'मलाई लागिरहेको छ आज केही नराम्रो हुन्छ।'

जतिबेला जेमी क्यापिटल बिल्डिङमा पुगेकी थिइन्, त्यतिबेला ट्रम्प समर्थकहरू बाहिर जम्मा भइरहेका थिए। उनीहरू ट्रम्पको समर्थनमा नाराबाजी गरिरहेका थिए। उनीहरूले अमेरिकी झण्डा हातमा बोकेका थिए। उनीहरूको अनुसार आक्रोश देखिन्थ्यो। त्यसबाटै अनुमान लगाउन सकिन्थ्यो कि त्यहाँ केही गडबड हुँदै छ।

प्रेस ग्यालेरीमा पुगेपछि उनले न्यान्सी पेलोसी मञ्चमा उभिएको देखिन्। उनले संसद सत्र सञ्चालन गरिरहेकी थिइन्।

त्यसपछि के भयो ? जेमी भन्छिन् -

हामी प्रेस ग्यालेरीमा थियौं। त्यहाँ बसेको दुई घण्टा हुन लागेको थियो। तब अचानक सिसा फुटेको आवज सुनियो। यसको केही मिनेटपछि नै प्रहरीले प्रदर्शनकारी क्यापिटल बिल्डिङ जबर्जस्ती प्रवेश गरेको घोषणा गऱ्यो।

प्रहरीको घोषणा सकिनेबित्तिकै प्रेस ग्यालेरीमा भएका हामीहरू यताउता हेर्न थाल्यौं। बाहिर तनावपूर्ण अवस्था थियो।

प्रदर्शनकारी क्यापिटल बिल्डिङभित्रको सेन्ट्रल हलमा आइपुगे। लोकतन्त्रको मन्दिर मानिएको क्यापिटल बिल्डिङमा तोडफोड र आगजनी भइरहेको थियो। त्यति नै बेला गोली चलेको आवाज आयो। ढोका नजिक रहेका ५ जनाले बन्दुक तानिरहेको हामी देख्दै थियौं।

केही मिनेटमै प्रदर्शनकारी क्यापिटल बिल्डिङभित्रको सेन्ट्रल हलमा आइपुगे। लोकतन्त्रको मन्दिर मानिएको क्यापिटल बिल्डिङमा तोडफोड र आगजनी भइरहेको थियो। प्रेस ग्यालेरीमा ठूलो संख्यामा वरिष्ठ पत्रकार थिए। यिनीहरूमध्ये धेरैसँग हुलदंगाको रिर्पोटिङ गरेको अनुभव थियो। तर क्यापिटल बिल्डिङमा यस्तो घटना होला भन्ने कसैले सोचेकै थिएनन्।

प्रहरी निकै हतासमा देखिन्थे। उनीहरूलाई देख्दा स्पष्ट हुन्थ्यो स्थिति उनीहरूको नियन्त्रणबाहिर गइसकेको छ। उनीहरूमा समन्वयको कमी देखिरहेको थियो। त्यसपछि प्रहरीले च्याम्बर हलको ढोका बन्द गरिदिए र हामीलाई बाहिर निस्कनुपर्ने बताए। यो सुनेर हामी निकै डरायौं। म झन् डराएको थिएँ।

त्यहाँ भएका सबै पत्रकारहरूले एउटै अनुभव गरिरहेका थिए- डर। तर केही पत्रकार आफूलाई डर नलागेको बताइरहेका थिए। यसैबीच मैले मेरो घरमा फोन गरें। घरमा त्यहाँ भइरहेको अवस्था बताएँ। अवस्था निकै खतरनाक बन्दै गरेको समेत जनाएँ।

त्यति नै बेला गोली चलेको आवाज आयो। ढोकानजिक रहेका पाँचजनाले बन्दुक तानिरहेको हामी देख्दै थियौं। उनीहरू ढोकाको फुटेको सीसाबाट बाहिर हेर्ने प्रयास गर्दै थिए। उनीहरूलाई देख्या यस्तो लाग्थ्यो, उनीहरू जुनसुकै बेला गोली चालउन सक्छन्।

राम्रो कुरा यो भयो कि च्याम्बरको भित्र गोली चलेन। हामीहरू घुँडाले टेकेर प्रेस ग्यालेरीबाट बाहिर निस्कियौं। अहिले हामी संसदको क्याफ्टेरियामा छौं र डरका कारण अहिले पनि मरो रौं ठाडो भइरहेका छन्। *बीबीसी*

ट्रिपिङ घट्दा बिजुली काटिने दरमा कमी आउँदै

टुडे एक्सप्रेस / काठमाडौं

नेपाल विद्युत् प्राधिकरणले काठमाडौं उपत्यकालगायत देशका कुनै पनि स्थानमा घोषित वा अघोषितरूपमा विद्युत्भार कटौती नभएको पुनः दोहोऱ्याएको छ।

प्राधिकरणले प्राविधिक समस्याका कारण एकाध मिनेट वा केही घण्टा कहींकतै बिजुली काटिएको भए पनि त्यसलाई लोडसेडिङको रूपमा नबुझ्न पुनः आग्रह गरेको हो । प्राधिकरणले विगतमा जस्तै उपभोक्ताबाट सक्रियरूपमा साथ र सहयोग प्राप्त गर्ने विश्वाससमेत व्यक्त गरेको छ। केही समयदेखि अघोषितरूपमा बिजुली काटिन थालेपछि प्राधिकरणले पटक-पटक उपभोक्तालाई सही र तथ्यपूर्ण जानकारी दिने प्रयाससमेत गरेको जनाएको छ।

उपभोक्तालाई गुणस्तरीय, भरपर्दो र पर्याप्त विद्युत् उपलब्ध गराउन प्रसारण तथा वितरण लाइन र सबस्टेशन सुदृढीकरणका लागि चालिएका कदमबाट विद्युत् छिनछिनमा जाने (ट्रिपिङ)को समस्या घट्दै गएको समेत प्राधिकरणले दाबी गरेको छ। जाडोको समयमा बढी विद्युत् माग हुँदा त्यसबाट पर्ने प्रभावलाई कम गर्नसमेत वितरण प्रणालीमा सुधार तथा अन्य सबै प्रकारका उपायको अवलम्बन गरेको दाबी गर्दै प्राधिकरणले कुनै पनि स्थानमा समस्या देखिएको खण्डमा त्यसलाई निराकरणका लागि आम उपभोक्ताको सक्रिय साथ तथा सहयोगको अपेक्षा गरेको छ।

प्राधिकरणको तथ्याङ्क अनुसार विद्युत्को माग सबैभन्दा बढी हुने काठमाडौं उपत्यकामा यस वर्षको मङ्सिरमा ३४७ पल्ट ट्रिपिङ भएको जनाएको छ । काठमाडौं उपत्यका र यस आसपासका जिल्लामा विद्युत् आपूर्ति गर्ने १४ वटा सब-स्टेशनमा ट्रिपिङ हुँदा कूल २२ घण्टा विद्युत् अवरोध भएको जानकारी समेत दिएको छ । गत वर्षको मङ्सिरमा ५७७ पटक ट्रिपिङ भई ६५ घण्टा विद्युत् आपूर्ति बन्द भएको प्राधिरकणको विवरणमा उल्लेख छ।

प्रणालीमा मागअनुसार आपूर्तिका लागि पर्याप्त विद्युत् रहेकाले घोषित/अघोषितरूपमा विद्युत् कटौती (लोडसेडिङ) नगरिएको प्राधिकरणका कायममुकायम (कामु) कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले जानकारी दिए। उनले सडक तथा खानेपानी पाइप विस्तारका कारण भूमिगत केवलमा क्षति पुग्ने, केही स्थापनमा पोल तथा टान्सर्फमर सार्नुपर्नेलगायतका प्राविधिक कारणले त्यस आसपासका क्षेत्रमा केही समय विद्युत् कटौती भएको हुनसक्ने बताए।

'केही स्थानमा सडक निर्माण एवं मर्मतका कारण पनि बिजुली प्रवाहमा अवरोध आएको छ भने केही स्थानमा वितरण प्रणालीको सुधार तथा अन्य कारणले पनि जटिला पैदा भएको छ । त्यसको निरुपणका लागि हामी प्रयत्नशील रहँदै आएका छौं', उनले भने ।

'अहिलेसम्मको तथ्याङ्क हेर्दा गत वर्षको पुसमा भन्दा यस वर्ष ट्रिपिङ कम भएको देखिन्छ, विगतमा चालिएका सुधारबाट यस वर्ष र यस वर्ष गरिएका कामबाट अर्को वर्ष नतिजा देखिन्छ', उनले प्राविधिक समस्याका बारेमा जानकारी दिँदै भने, 'हामी उपभोक्तालाई गुनासोरहित सेवाप्रवाहमा अहोरात्र खटिरहेका छौं ।' प्रणालीमा आउने प्राविधिक गडबडीले केहीबेर झ्याप्प बत्ती जाँदैमा उपभोक्ताले त्यसलाई लोडसेडिङ गऱ्यो भन्ने बुझेर डराउनुपर्ने जरुरी नभएको उनको भनाइ छ।

'प्रणालीमा पर्याप्त विद्युत् छ, लोडसेडिङ हाम्रो इतिहास बनिसकेको छ', कामु कार्यकारी निर्देशक शाक्यले भने । उनले ट्रिपिङ बढी हुने सबस्टेशनको पहिचान गरी सुधार गर्न, त्यहाँको लोड अन्त सार्नेलगायतका काम निरन्तर भइरहेको जानकारी दिए।

स्थानीय रूपमा माग धान्न नसक्ने अवस्थामा (ओभरलोड) रहेका ट्रान्सफर्मर फेर्ने, बिदाको दिन लाइन सद्धार गर्ने र त्यसका लागि लाग्ने समय घटाउनेलगायतका काम गर्दै विद्यद्वत् आपूर्तिमा सद्धार गर्न अहोरात्र काम भइरहेको शाक्यले बताए। सडक विस्तार, खानेपानीको पाइप जडान, विद्युत्का पोल सार्न, ट्रान्सफर्मर बदल्न, वितरण प्रणालीको मर्मतसम्भार लगायतका काम गर्न विद्युत् आपूर्ति बन्द गर्ने क्रम पनि घटेको छ । गत वर्षको मङ्सिरमा यी काम गर्न ४९१ पटक विद्युत आपूर्ति बन्द (सटडाउन) गरिएकामा यस वर्ष ३६२ पटक मात्रै गरिएको छ।

विद्युत् आपूर्तिलाई विश्वसनीय र भरपर्दो बनाउन कन्डक्टर फेर्ने, ट्रिपिङको समस्या समाधान गर्न विद्युत्को मागलाई ध्यान दिएर फिडर तथा ट्रान्सफर्मरको क्षमता बढाउने कामलाई उच्च प्राथमिकतामा राखी सोहीअनुसार काम भइरहेको छ।

मर्मतसम्भारमा लाग्ने समयलाई घटाएर जतिसक्दो छिटो विद्युत् आपूर्ति नियमित गर्न प्राधिकरण क्रियाशील छ। उहाँले सामाजिक सञ्जाल तथा गलत मनसाय राखेर गरिने प्रचारको पछाडि नलाग्नसमेत उपभोक्तालाई आग्रह गरे। प्राधिकरणले विगतदेखि नै उपभोक्ताको हितलाई केन्द्रमा राखेर काम गरेका कारण काम गर्दै जाँदा देखिने सानातिना समस्यालाई क्रमशः समाधान गर्दै जाने विश्वाससमेत व्यक्त गरे।

उच्च सतर्कता अपनाउन आग्रह

टुडे एक्सप्रेस / काठमाडौं

कृषि तथा पशुपन्छी मन्त्रालयले बर्डफ्लू सम्बन्धी उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। भारतका विभिन्न स्थानमा बर्डफ्लू संक्रमण पुष्टि भएसँगै विशेषगरी तराईका क्षेत्रमा उच्च सतर्कता आपनाउन मन्त्रालयले आग्रह गरेको हो।

मन्त्रालयले मातहतका सातवटा सीमा नाका कार्यालयलाई बुधबार पत्र पठाउँदै उच्च सतर्कता अपनाउन निर्देशन दिएको छ। मन्त्रालयका प्रवक्ता डा श्रीराम घिमिरे कुखुराजन्य वस्तुको आयातमा रोक लगाउँदै उच्च सतर्कता अपनाउन नाकामा रहेका क्वारेन्टाइन कार्यालयलाई निर्देशन दिइएको जानकारी दिए। 'नेपालमा भारतको हिमाञ्चल प्रदेशबाट बर्डफ्लू भित्रने सम्भावना उच्च रहेको छ। संक्रमणलाई ध्यानमा राख्दै केही समय हिमाञ्चलसँगै भारतबाट भित्रिने कुखुराजन्य प्रजातिका वस्तुको आयातमा रोक लगाइएको हो', उनले भने।

उनका अनुसार सीमा नाका कार्यालयसँगै मन्त्रालयले तराईका केही जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई उच्च सतर्कता अपनाउँन समेत आग्रह गरेको छ। 'खुला सीमानाका हुँदा सीमाभन्दा बाहिरबाट समेत कुखुरा भित्रने सम्भावना उच्च रहेको छ, बर्डफ्लू नियन्त्रण आदेशको अधिकार प्रयोग गरेर प्रमुख जिल्ला अधिकारीलाई सम्पर्कमा बस्न आग्रह गरिएको हो', उनले भने, 'लुकाएर ल्याइएका कुखुरा नष्ट गर्ने, कुखुरा ल्याउनेलाई कारबाहीको सम्पूर्ण अधिकारी जिल्लाका प्रमुखलाई रहन्छ।'

मन्त्रालयले काँकडभिट्टा, वीरगञ्ज, भैरहवा, कृष्णनगर, नेपालगञ्ज, कैलाली तथा गड्डाचौकी नाका, प्रमुख जिल्ला अधिकारीलाई उच्च सतर्कता अपनाउन र आवश्यक परे प्राविधिक तथा अन्य स्रोत साधनको प्रयोग र थप जनशक्ति माग गर्न विशेष निर्देशन दिएको हो। मन्त्रालयले भारतबाट कुखुरा आयात गर्ने व्यवसायीलाई समेत उच्च सतर्कतामा रहन आग्रह गरेको छ। नेपालमा बर्डफ्लू संक्रमण भित्रन नदिन केही समय कुखुरा आयातमा रोक लगाइएको जनाउँदै व्यवसायीलाई समेत सतर्कता अपनाउन आग्रह गरिएको प्रवक्ता घिमिरे जानकारी दिए।

मन्त्रालयअन्तर्गत देशभर १६ पशु क्वारेन्टिन कार्यालय छन्। देशभर कतै ठूलो परिमाणमा कुखुरा मरे वा शंकास्पद लक्षण देखिए तुरुन्त मन्त्रालय वा नजिकैको कार्यालयमा सम्पर्क गर्न पनि मन्त्रालयले कृषकलाई आग्रह गरेको छ। भारतको मध्य प्रदेश, केरला, राजस्थान र हिमाञ्चल प्रदेशमा बर्डफ्लू पुष्टि भएको बताइएको छ।

महिला तथा बालबालिका हराउने क्रम बढ्दो

पछिल्ला तीन वर्षमा ८०८ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक हराए

टुडे एक्सप्रेस / बाके

बाँकेमा पछिल्ला तीन वर्षमा आठ सयभन्दा बढी महिला तथा बालबालिका हराएका छन् । भारतसँगको सीमा जोडिएको बाँकेमा पछिल्लो समय महिला तथा बालबालिका हराउने क्रम बढेको हो।

जिल्लामा पछिल्ला तीन वर्षमा ८०८ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक हराएको भन्दै प्रहरीमा निवेदन परेको छ। जिल्ला प्रहरी कार्यालयअन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र बाँकेका अनुसार हराएकामध्ये ८७ प्रतिशत महिला तथा बालबालिका रहेका छन् । केन्द्रको तथ्याङ्कमा बाँकी १३ प्रतिशत बालक र एक प्रतिशत ज्येष्ठ नागरिक रहेको प्रहरीले जनाएको छ।

केन्द्रकी प्रहरी सहायक निरीक्षक श्यामकुमारी पाइजा मगरका अनुसार आर्थिक वर्ष २०७५/७६ देखि हालसम्म ४८१ महिला, २२० बालिका, ९९ बालक र आठ ज्येष्ठ नागरिक हराएको हुँदा उनीहरूको आफन्तले खोजी गरिदिन केन्द्रमा निवेदन दर्ता गराएका छन् । हराएकामध्ये ६८२ महिला तथा बालबालिका घर फर्किसकेका छन् भने १२६ जना अझै फेला पर्न नसकेको केन्द्रले जनाएको छ।

केन्द्रका अनुसार आर्थिक २०७५/७६ मा ३७०, २०७६/७७ मा ३११ र २०७७/७८ मा १२७ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक हराएको निवेदन केन्द्रमा दर्ता भएका छन् । तीमध्ये आव २०७५/७६ मा तीन, २०७६/७७ मा ३१ र २०७७/७८ मा ९२ जना हराएका महिला तथा बालबालिका घर फर्किसकेको सहायक निरीक्षक मगरले जानकारी दिए।

बाँकेमा आर्थिक वर्ष २०७७/७८ मा १२७ महिला तथा बालबालिका हराएका छन्। चालु आर्थिक वर्षको पुस तेस्रो सातासम्म हराउनेमा ८० महिला, ४६ बालबालिका तथा एक जना ज्येष्ठ नागरिक रहेका छन् । तीमध्ये ९२ महिला तथा बालबालिका घर फर्किसकेको प्रहरीले जनाएको छ। हराएकामध्ये अधिकांश महिला तथा बालबालिका बेचबिखनमा परेको हुन सक्ने अनुमान प्रहरीको छ।

आँखा उपचारको हब बन्दै विराटनगर

अञ्जना पराजुली / विराटनगर

विराटनगर आँखा अस्पताल देशकै अब्बल आँखा अस्पतालका रूपमा चिनिएको छ । नेपाली मात्र होइन, छिमेकी मुलुक भारत, भुटान, बङ्गलादेश लगायतबाट पनि यहाँ बिरामी आउने गर्छन् ।

सन्तुलित आहार नलिने, हरियो सागसब्जी नखाने, स्वच्छ वातावरणमा नबस्ने, आँखालाई सामान्य रूपमा लिने मानिस नै आँखाका बढी रोगी हुने गरेको चिकित्सकहरू बताउँछन् । सन् २००४ मा भाडाको घरबाट शुरु भएको बिराटनगर आँखा अस्पतालमा अहिले वर्षमा एक लाखभन्दा बढी बिरामीको आँखाको विभिन्न शल्यक्रिया हुँदै आएको छ । फेको, जेप्टोजस्ता आधुनिक प्रविधिमार्फत मोतिविन्दुको सफल उपचार हुने गरेको छ भने जलविन्दु, रेटिनाको विशेष शल्यक्रिया, आँखाको नानीको प्रत्यारोपण, ओकुलोप्लास्टी समेत आधुनिक प्रविधिमार्फत गरिँदै आएको छ।

'आँखामा लाग्ने रोगकै कारण अहिले पूर्वाञ्चलका मानिसहरू बाहिर जानुपर्ने अवस्थाको अन्त्य भएको छ', विराटनगर आँखा अस्पतालका प्रबन्धक कुमार प्रिठुले भने, 'बरु बाहिरबाट उपचारकै लागि आउनेको सङ्ख्यामा वृद्धि हुँदै गएको छ।' अन्य अस्पतालभन्दा धेरै सस्तो र गुणस्तरीय उपचार भएकाले पनि यस अस्पताल बिरामीको चाप बढ्दै गएको छ । अस्पतालले ज्येष्ठ नागरिकको उपचारमा विभिन्न सहुलियत र सुविधा प्रदान गर्दै आएको छ।

यहाँ स्थापना भएका आँखा अस्पतालहरूमध्ये सबैभन्दा धेरै विराटनगर आँखा अस्पतालमा दैनिक एक हजारभन्दा बढी बिरामीको आँखाको परीक्षण तथा उपचार हुँदै आएको छ । तीमध्ये सबैभन्दा बढी भारतीय नागरिक हुन् । 'स्वदेशी र भारतीय नागरिक मात्रै होइन, यस अस्पतालमा उपचारका लागि भुटान र बङ्गलादेशबाट पनि बिरामी आउने गर्छन्', प्रबन्धक प्रिठुले भने।

सन् २०१९ मा विराटनगर आँखा अस्पतालमा छ लाखको आँखा र कानको उपचार भएको तथा ७२ हजार बिरामीको शल्यक्रिया भएको सो अस्पतालले जनाएको छ । यसबाहेक, विराटनगर आँखा अस्पतालमा व्याचलर इन अप्थेल्मोलोजी रेसिडेन्सी कार्यक्रम सञ्चालन हुँदै आएको छ भने विभिन्न फेलोसिपका कार्यक्रमसमेत सञ्चालित छन् । दातृ निकायको सहयोग, मेहनती टिम तथा सस्तो, सुलभ तथा गुणस्तरीय सेवाका कारण पनि अस्पताललाई यो स्थानमा पुऱ्याउन सम्भव भएको उनको भनाइ छ।

प्रबन्धक प्रिठूका अनुसार हजारौं मानिसलाई आँखाको नानी नपाएर अन्धो भएर बस्नुपर्ने बाध्यता छ । 'आँखा दान महादान' भन्ने नारा गाउँगाउँसम्म पुग्न सकेको छैन् । आफू मरेपछि गरिने आँखा दानबारे आम नागरिक अझै पनि सचेत र जागरुक हुन सकेको छैन । त्यसैले अस्पतालले विभिन्न ठाउँमा गएर आँखा दानबारे जनचेतना फैलाउन खालका कार्यक्रम गर्दै आएको उनले जानकारी दिए। सन् २०१९ मा अस्पताललाई पाँच जना व्यक्तिबाट १० वटा आँखाको नानी प्राप्त भएको प्रबन्धक प्रिठुले बताए।

'सरकारले सहयोग गरोस्'

आँखा स्वास्थ्यको क्षेत्रमा योगदान पुऱ्याउन पाएकोमा डा. स्वेता तापडिया खुशी छन्, सन्तुष्ट पनि छन् । यद्यपि उनी चाहन्छन्, सरकारले पनि यस क्षेत्रमा थप सहयोग गरोस् । 'जसरी प्राथमिक स्वास्थ्य चौकी गाउँगाउँ पुग्न सफल भएको छ, त्यसरी नै सरकारले प्रत्येक अस्पतालहरूमा आँखा स्वास्थ्यलाई पनि प्राथमिकतामा राखोस् भन्ने मेरो चाहना छ', उनले भने, 'यसका लागि सरकारले आँखाको नानी प्रत्यारोपणका लागि विभिन्न ठाउँमा आँखा बैंक स्थापना गर्नु आवश्यक छ।'

विराटनगर महानगरपालिकास्थित पुरानो अस्पताल रामलाल गोल्छा आँखा अस्पताल प्रतिष्ठानका डा भाष्कर झाले बन्दाबन्दीयता बिरामीको सङ्ख्यामा कमी आएको जानकारी दिए। उनका अनुसार आँखाको उपचारका लागि अस्पतालमा अहिले दैनिक तीन सयको हाराहारीमा बिरामी आउने गरेका छन्। तीमध्ये अधिकांश मोरङ, सुनसरी र भारतका छन् । अहिले स-साना बालबालिकामा आँखाको समस्या दिन प्रतिदिन बढ्दै गएको डा झाको भनाइ छ।

बच्चाहरूमा अहिले आँखा चिलाउने, टाउको दुख्ने समस्या बढ्दै जानु र चस्मा अनिवार्य नै भइरहेको बताउँदै उनले बच्चाहरूले धेरै मोबाइल हेर्नु, नजिकबाट टिभी हेर्नु नै ठूलो समस्या रहेको र यस्तो कुरामा परिवारले धेरै ध्यान दिनुपर्ने बताए। गोल्छा अस्पतालमा धेरैजसो बिरामी मोतिविन्दु र जलविन्दुको उपचारका लागि आउने गरेका छन्।

आँखा देख्न कम भएमा, आँखा धमिलो वा रातो हुँदै गएमा ,आँखाको गेडी दुखेमा उपचारका लागि तुरन्त नजिकको आँखा अस्पताल गएर उपचार गराउनुपर्ने आँखा विशेषज्ञ बताउँछन्। आँखा जस्तो संवेदनशील अङ्गमा कुनै पनि प्रकारको समस्या देखा परेमा लापार्वाही नगरी तुरुन्त आँखा अस्पतालमा गएर देखाउन डा झाको सुझाव छ । उनले समयमा नै उपचार गराएमा मोतिविन्दु, जलविन्दु निको हुने र अन्धो हुनबाट बच्न सकिने जानकारी दिए। उच्चरक्तचाप र मधुमेह रोग भएका बिरामीले कम्तीमा वर्षको एक पटक आँखा अनिवार्य रूपमा जचाउनुपर्ने डा झाको सल्लाह छ।

मोतियाविन्दु जन्मेको बच्चादेखि वृद्धसम्मलाई हुने भएकाले यो रोगले कुनै पनि उमेर भन्ने गदैन् । मोतिविन्दु हुने व्यक्तिको आँखाको नानी सेतो भएर दृष्टि कमजोर हुँदै जानु यसको मुख्य लक्षण रहेको छ भने मोतीविन्दुको शल्यक्रिया गर्दा आँखाभित्र लेन्स राखिन्छ र पहिलाको जस्तै आँखा देख्न सकिन्छ । अस्पतालमा अत्याधुनिक नयाँ उपकरणबाट कम्प्युटराइज फेको प्रविधिद्वारा मोतियाविन्दुको शल्यक्रिया गरिन्छ।

मोतीयाविन्दुको शल्यक्रिया गरेबापत रु तीन हजारदेखि रु २२ हजारसम्म शुल्क लिने गरेको छ । अस्पतालमा दैनिक १५ देखि २० जनाको आँखाको शल्यक्रिया हुने गरेको छ । 'आँखामा कुनै पनि समस्या आएमा अहिले पनि धेरै मानिस चिकित्सकको सल्लाह एवं परामर्शविना नै औषधि प्रयोग गर्ने गरेको छ', डा झाले भने, 'संसारलाई नियाल्ने र हेर्ने अङ्गलाई आफू खुशी उपचार गरेर बिगार्नु हुँदैन ।'

विराटनगर महानगरपालिका-२ मा विगत नौ वर्षदेखि सञ्चालनमा रहेका तापडिया आँखा अस्पताल अन्य अस्पतालको तुलनामा निकै महँगो छ। यहाँ सहुलियत एवं छुट छैन । निजीस्तरमा व्यावसायिक हिसाबले सञ्चालनमा ल्याएको यो अस्पताल गरिबका लागि नभएर सम्पन्न र धनी मानिसका लागि मात्र उपयुक्त छ । चर्को शुल्क र महँगो उपचार धान्न नसक्ने बिरामी कि त गोल्छा कि त विराटनगर अस्पताल जाने गरेका छन्।

अस्पतालमा विराटनगर, धरान, इटहरीबाट बिरामी आउने गरेको तापडिया आँखा अस्पतालको कर्मचारी दीपक मिश्रले बताए। अस्पतालमा अहिले ५० देखि ६० जना आँखाका बिरामी उपचारका लागि आउने गरेका छन् । यो अस्पताल सञ्चालन हुनुभन्दा पहिले डा स्वेता तापडिया गोल्छा आँखा अस्पतालमा काम गर्थ्यो।



अमेरिकी संसद भवनमा ट्रम्पका समर्थकद्वारा आक्रमण

टुडे एक्सप्रेस

अमेरिकी संसदमा भएको आक्रमण र तोड्फोड घटनामा मृत्यु हुनेको संख्या चार पुगको छ। वासिङ्टन डीसी प्रहरीका अनुसार थप ५२ जना पक्राउ परेका छन् र रिपब्लिक्न र डेमाक्रेटिक पार्टी कार्यालयबाट दुईवटा पाइप बम बरामद भएको छ।

मृत्यु हुनेमा एक नाभी अफिसर घटनास्थलमै र तीनजना उपचारको लागि अस्पताल लैजाँदै गर्दा भएको हो। १४ जना प्रहरी अफिसर घाइते भएका छन्। डीसीका मेयरले १५ दिनको लागि सार्वजनिक आपतकाल लगाउने निर्णय गरेका छन्। विहान ६ बजेसम्म कर्फ्यु आदेश गरिएपनि त्यसलाई उल्लंघन गर्दै लगातार हिंसात्मक प्रदर्शन भैरहेका छन्। एरिजोनामा बाइडेनको विजयलाई उल्ट्याउने रिपब्लिकन सांसदहरूको प्रयास असफल भएको छ।

अमेरिकी कंग्रेसमा सांसदहरूले जो बाइडेनको जितको पुष्टि गर्न छलफल गरिरहेका बेला आक्रमण भएको हो। सदनभित्र बहस चलिरहेकै बेला ट्रम्प समर्थकहरू क्यापिटल बिल्डिङभित्र प्रवेश गरेका थिए। भ्याल र ढोका तोडफोड गरेरै हतियारसहित ट्रम्प समर्थक भित्र पसे। सभामुखको कार्यकक्षमै पसेर, कुर्सीमा बसेरै ट्रम्पको पक्षमा नाराबाजी भयो।

संसद भवनभित्रै प्रदर्शनकारी र प्रहरीबीच हिंस्रक झडप समेत भयो। उक्त झडपमा प्रहरीले गोली चलाउँदा एक महिलाको मृत्यु भएको सीएनएनले पुष्टि गरेको छ। ती महिलालाई छातीमा गोली लागेको थियो। प्रदर्शनमा ६ जना गम्भीर घाइते छन्। दुई दर्जन पक्राउ परेका छन् भने सुरक्षाकर्मीले २ विस्फोटकसहित ५ हतियार नियन्त्रणमा लिएका छन्।

वासिङ्टनमा मेयरले घोषणा गरेको कर्फ्यु सुरु भएको छ। बेलुका ६ बजेदेखि सुरु भएको कर्फ्यु आदेश बेलुका ६ बजेसम्म जारी रहनेछ। कर्फ्युको बाबजुद पनि संसद भवन क्षेत्र वरपर प्रदर्शन भैरहेको छ। राष्ट्रपति ट्रम्पले आफ्ना समर्थकले संसदमा गरेको आक्रमणलाई प्रतिरक्षा गरेको खबर आइरहेको छ।

संसद आक्रमणको घटना लगत्तै देशवासीको नाममा सम्बोधन गर्दै राष्ट्रपति पदमा निर्वाचित जो बाइडेनले यो अन्यौलता र हिंसाको अन्त्य गर्न ट्रम्पलाई आग्रह गरेका छन्। अमेरिकी लोकतन्त्रमा ट्रम्पले कू गर्ने प्रयास गरेको भन्दै उनले लोकतन्त्रमाथि हमला भएको टिप्पणी गरेका छन्। कमला ह्यारिस लगायत जर्ज बुसले समेत अमेरिकी संसदमाथिको आक्रमण लोकतन्त्रमा शोभनिय नभएको बताएका छन्।

ट्रम्पले अमेरिकी लोकतन्त्रको अपहरण गर्ने प्रयास गरेको उनीहरूको आरोप छ। तर, ट्रम्पले चाहिँ प्रदर्शनकारी समर्थकलाई घर फर्किन निर्देशन दिइसकेका छन्। अमेरिकी जनताको भोट चोरिएको आरोप संसद भवनभित्रै नाराको रुपमा लगाइएको थियो।

संसद भवनभित्रै स्थिती तनावग्रस्त बनेपछि सभामुख न्यान्सी पेलोसी, उपराष्ट्रपति माइक पेन्स र अन्य सांसदलाई सुरक्षित स्थानतर्फ लगिएको थियो। लगत्तै नेसनल गार्डले संसद परिसरमा लकडाउन घोषणा गरेका थिए। प्रदर्शनकारी संसद भवनभित्र तोडफोड गर्दा पनि प्रहरी मूकदर्शक बनेको देखिन्थ्यो। केही प्रदर्शनकारीले तोडफोड गर्दै प्रहरीसँग सेल्फी लिइएको दृश्यहरू थिए। ट्रम्पले आफ्नो हारलाई रोक्न अन्तिम अस्त्र प्रयोग गरिरहेको बीबीसीले उल्लेख गरेको छ। निर्वाचित राष्ट्रपति बाइडेनले डेलावेयरबाट राष्ट्रलाई सम्बोधन गर्दै ट्रम्प समर्थक भीडलाई पछि हट्न र लोकतान्त्रिक कार्यलाई अगाडि बढाउन आग्रह गरेका छन्।

१२ इलेक्टोरल मत प्रमाणिकरण गरेर स्थगित भएको संसदको संयुक्त बैठक कतिबेलादेखि सुचारु हुने निश्चित छैन। संसद भवनबाट सबै प्रदर्शनकारीलाई बाहिर निकालिएको छ। अहिलेसम्म जम्मा २ वटा राज्यको मात्र इलेक्टोरल मत प्रमाणिकरण गरिएको छ। अलाबामा र अलास्काको मत प्रमाणिकरण गरे लगत्तै एरिजोनाको मत प्रमाणीकरण गर्ने रिपब्लिकनहरूले असहमति जनाएका थिए।

अमेरिकी संसद्मा भएको घटनाको विश्वभरिका नेताहरूले व्यापक रूपमा निन्दा गरेका छन्। युरोपेली सङ्घका विदेश मामिला प्रमुख जोसेफ बोरेलले विश्वको नजरमा अमेरिकी लोकतन्त्र घेराबन्दीमा परेको देखिएको बताएका छन्।

आयरल्यान्डका विदेशमन्त्री साइमन कोभेनीले उक्त घटनालाई पदमा रहेका राष्ट्रपति र उनका समर्थकद्वारा जानीबुझीकनै गरिएको लोकतन्त्रमाथिको हमला भनेका छन्। ब्रिटिश प्रधानमन्त्री बोरिस जोनसनले घटनालाई लज्जाजनक दृश्य भन्दै शान्तिपूर्ण र व्यवस्थित शक्ति हस्तान्तरणका लागि आग्रह गरेका छन्।

नेटोका महासचिवले चाहिँ त्यस घटनालाई स्तब्ध पार्ने खालको भनेका छन्। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरसले प्रजातान्त्रिक प्रक्रियाको सम्मान हुनुपर्ने बताएका छन्।

फ्रेन्च राष्ट्रपति एमानुअल माँक्रोले उक्त हमलालाई 'अन-अमेरिकन' अर्थात् अमेरिकी चरित्रसँग अमिल्दो बताएका छन्। क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले घटनालाई 'प्रजातन्त्रमाथिको हमला' भन्दै त्यसबाट 'क्यानेडियालीहरू विक्षिप्त भएको' बताएका छन्।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दङ्गा र हिंसाको समाचार हेर्नपर्दा आफूलाई दुख लागेको बताउँदै शक्तिको शान्तिपूर्ण हस्तान्तरण गर्न आग्रह गरेका छन्। न्यूजील्यान्डकी प्रधानमन्त्री जेसिन्डा आर्डर्नले नागरिकको मताधिकार र त्यो निर्णय मान्य हुने अधिकारलाई भिडले पल्टाउन नहुने बताएकी छन्।

- मृतकको संख्या ४ पुग्यो
- ५२ जना आक्रमणकारी पक्राउ
- १५ दिनका लागि आपतकाल
- दुईवटा पाइप बम बरामद
- विश्वभरिका नेताद्वारा घटनाको निन्दा

ट्रम्पको ट्विट प्रतिबन्ध

संसद् भवनमा हमला गर्ने समर्थकका पक्षमा ट्विटहरू गरेपछि ट्विटरले ट्रम्पको खातालाई नयाँ ट्विट गर्ने नमिल्ने गरी १२ घण्टाको प्रतिबन्ध लगाएको छ। आफ्ना ट्विटहरूमार्फत् ट्रम्पले ती समर्थकहरूलाई घर जान भन्नुअघि 'आइ लभ यू' लेखेका थिए।

ट्रम्पका तीन वटा ट्विटले आफ्नो नीतिको गम्भीर उल्लङ्घन गरेको भन्दै ट्विटरले तिनलाई हटाइदिएको छ। त्यसो नगरेमा उनको खातालाई नै बन्द गरिनुपर्थ्यो भन्ने ट्विटरको स्पष्टीकरण छ।

फेसबुकले समेत आफ्ना नीतिलाई नै उल्लेख गर्दै २४ घण्टा ट्रम्पले आफ्नो पृष्ठमा केही लेख्न नमिल्ने बनाएको छ। यसअघि ट्रम्पले आफ्ना समर्थकहरूलाई दिएको भिडिओ सन्देशलाई फेसबुक, ट्विटर र युट्युबले प्रसारण गर्नबाट रोकेका थिए।

सन्दीपको टिम होबार्ट फेरी पराजित

टुडे एक्सप्रेस

होबार्टलाई बिहीबार पर्थमा भएको खेलमा सिड्नी थन्डरले ३९ रनले पराजित गरेको हो। अघिल्लो खेलमा होबार्टलाई मेलवर्न स्टार्सले पराजित गरेको थियो।

बिहीबार सिड्नीले दिएको १६८ रनको लक्ष्य पछ्याएको होबार्टले ८ विकेटको क्षतिमा १२८ रन मात्र जोड्न सक्यो। होबार्टका लागि कप्तान पिटर ह्यान्ड्सकमले सबैभन्दा बढी ३० रन जोडे। बलिङमा सिड्नीका नाथान म्याकएन्ड्रयु, क्रिस ग्रिन र तनवीर साङ्गले २/२ विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सिड्नीले ५ विकेटको क्षतिमा १६७ रन जोड्यो। उसका लागि उस्मान खवाजाले ४९ रन जोडे। उनले ३३ बलमा ६ चौका हिर्काए। एलेक्स रोसले नटआउट ४४ रनको योगदान दिए। उनले ३३ बलमा २ चौका र ३ छक्का प्रहार गरे। बेन कटिङले १४ बलमा नटआउट ३१ रनको योगदान दिए।

बलिङमा डिआर्ची सर्टले ३ विकेट लिँदा सन्दीप लामिछानेले १ विकेट हात पारे। सर्टले ४ ओभरमा २६ रन खर्चिदा सन्दीपले ४ ओभरमै २३ रन दिए।

भारत-अस्ट्रेलिया टेस्ट :

अस्ट्रेलिया सुदृढ स्थितितर्फ अग्रसर

रासस /एएफपी

अस्ट्रेलियाको सिड्नीमा बिहीबारदेखि शुरु भएको तेस्रो टेस्ट क्रिकेटमा पहिले ब्याटिङ गर्दै अस्ट्रेलिया सुदृढ स्थितितर्फ अग्रसर भएको छ। टस जितेर पहिले ब्याटिङ गरेको अस्ट्रेलियाले ५५ ओभरमा २ विकेटको क्षतिमा १६६ रन बनाएको छ। वर्षाले प्रभावित उक्त खेलमा अस्ट्रेलियाले प्रारम्भिक ब्याट्समान डेभिड वार्नरलाई व्यक्तिगत पाँच रनमै गुमाएको थियो। उनलाई भारतीय बलर मोहम्मद सिराजले आउट बनाएका थिए।

त्यसपछि पहिलो टेस्ट खेल्न मैदानमा उत्रेका विल पुकोभ्स्कीले नवदीप सैनीको बलमा आउट हुनुअघि महत्वपूर्ण ६२ रन बनाएका थिए। क्रिजमा मार्नस लाबुसेने ५७ र स्टिभन स्मिथ २६ रन बनाएर खेलिरहेका छन्। यी दुई टीमबीच यसअघिका दुई टेस्टमा १-१ को बराबरी भएको थियो।

नियमित कप्तान विराट कोहली विदामा बसेकाले यस टेस्टमा पनि अजिन्क्य रहाणेले कप्तानी गरिरहेका छन्। भारतीय टिममा रोहित शर्मा, शुभमन गिल, चेतेश्वर पुजारा, अजिन्क्य रहाणे, हनुमा बिहारी, रिषभ पन्त, रविन्द्र जडेजा, रविचन्द्रन अश्विन, नवदीप सैनी, जसप्रित बुमराह र मोहम्मद सिराज रहेका छन्।

अस्ट्रेलियाली टिमको कप्तानी टिम पेनले गरेका छन्। अस्ट्रेलियाली टिमका अन्य खेलाडीमा विल पुकोभ्स्की, डेभिड वार्नर, मार्नस लाबुसाने, स्टिभन स्मिथ, क्यामरुन ग्रिन, म्याथ्यु वेड, प्याट कमिन्स, मिचेल स्टार्क, नाथन लायन, जस हेजलउड रहेका छन्।

कुन्दुज प्रान्तमा झडप १४ को मृत्यु

रासस /सिन्त्वा

अफगानिस्तानको उत्तर भागमा रहेको प्रान्त कुन्दुजमा सुरक्षकर्मी र आतङ्ककारीबीच भएको झडपमा परी कम्तीमा १४ व्यक्तिको मृत्यु भएको छ।

बुधबार मध्यरात भएको यस झडपको क्रममा छ सैनिक र आठ आतङ्ककारी मारिएका सुरक्षा स्रोतले बिहीबार जानकारी दिएको छ। यस घटनामा के कति घाइते भएलगायतका विस्तृत विवरण भने प्राप्त भएको छैन्।

अफगानिस्तानमा यतिखेर पुनःएक पटक शान्ति वार्ताको प्रयास थालिएको छ। यद्यपि अफगानिस्तानमा दिनहुँ राजनीतिक प्रेरित हत्या र हिंसाका घटना भइरहेको अवस्था कायम नै छ। यसै अवस्थामा अफगान सरकार र दुई दशकभन्दा लामो समयदेखि यहाँ हिंसा मच्चाइरहेका प्रमुख विद्रोही तालिबान समूहबीच कतारमा पुनःवार्ता शुरु भएको हो।

तालिबानी समूहले अहिले पनि सन् २००१ मा अमेरिकी नेतृत्वमा भएको आक्रमणबाट तालिबान शासन पतन हुँदाको अवस्थाकै शासकीय संरचना चाहेका छन्। तर अफगान सरकारका वार्ताकारले स्थायी युद्धविराम र हालको शासकीय प्रणाली यथावत् राख्न विशेषरुपमा जोड दिँदै आएको छ।

गतवर्ष फेब्रुअरीमा तालिबान, अमेरिकाबीच अफगानिस्तानमा तैनाथ अमेरिकी सेनाको संख्या कटौती र सन् २०२१ को मे महिनाभित्रै सबै सैनिक फिर्ता गरिसक्ने सम्झौता भएको थियो। अफगानिस्तान सरकार र तालिबानबीचको वार्ता शुरु भएदेखि पनि देशभित्र हिंसात्मक घटनामा कुनै कमी आएको छैन।

अफगान अधिकारीले यी आक्रमणमा तालिबानीको संलग्नता रहेको दावी गरिरहेका छन् तर अधिकांश यी आक्रमणको जिम्मेवारी इस्लामिक स्टेट समूहले लिइआएको छ। तालिबानले जनतालाई विभाजित गर्ने र सरकारको सुरक्षा संस्थामाथि योजनाबद्धरुपमा जनतामा नैराश्यता उत्पन्न गर्ने कोशिस गरिरहेका छन्।

जो बाइडनको जित प्रमाणित

बीबीसी

अमेरिकी संसद्को संयुक्त बैठकले जो बाइडन र कमला ह्यारिसको गत वर्ष नोभेम्बरमा भएको जितलाई प्रमाणित गरेको छ। संसद्ले प्रमाणित गरेपछि अब बाइडनलाई ज्यानुअरी २० मा हुने शपथग्रहण गर्ने बाटो खुलेको हो।

संसद्मा एरिजोना र पेन्सिल्भेनियाको इलेक्टोरल मतका बारेमा रिपब्लिकनले चुनौती दिएको भए पनि ती दुईतिहाइले पारित भएनन्। संसद्को संयुक्त बैठक राष्ट्रपति डोनल्ड ट्रम्पका समर्थकहरूले बलपूर्वक संसद् भवनमा प्रवेश गरेका कारण केही बेर अवरुद्ध भएको थियो। इलेक्टोरल मतगणनापछि उपराष्ट्रपति माइक पेन्सले बाइडनले ३०६ र ट्रम्पले



२३२ इलेक्टोरल मत प्राप्त गरेको घोषणा गरेका थिए। अमेरिकी राष्ट्रपतिमा निर्वाचित हुन २७० इलेक्टोरल मत आवश्यक हुन्छ।

इलेक्टोरल मतबारे नेभाडा, मिशिगन, विस्कन्सिन र जोर्जियाका सांसद्हरूको चुनौती भने सिनेट सदस्यको हस्ताक्षरको अभावमा तुहिएको थियो।

ट्रम्पले के भने ?

संसद्को बैठकपछि डोनल्ड ट्रम्पले विज्ञप्ति जारी गर्दै 'ज्यानुअरी २० मा शान्तिपूर्ण हस्तान्तरण' हुने बताए पनि निर्वाचनमा धाँधली भएको प्रमाणविनाको दाबी छोडेका छैनन्। 'म यो निर्वाचनको नतिजाप्रति पूर्णरूपमा असहमत भए पनि ज्यानअरी २० मा शान्तिपूर्ण हस्तान्तरण हुनेछ,' उनले आफ्नो प्रवक्ताको ट्विटरमा प्रकाशित ट्वीटमा भनेका छन्। ट्विटरले ट्रम्पको खाता केही समयको लागि बन्द गरेको छ।

'मैले सधैं भनेको छु कि हामी कानुनी मत मात्रै गणना गराउने कानुनी संघर्ष जारी राख्नेछौं। यो राष्ट्रपतीय इतिहासमा सबैभन्दा महान कार्यकालको अन्त्य भए पनि अमेरिकालाई फेरि महान बनाउने सङ्घर्षको सुरुवात मात्रै हो,' ट्रम्पले लेखेका छन्।

नाइजेरियामा सडक दुर्घटना :

कम्तीमा २२ जनाको मृत्यु

रासस /सिन्त्वा

नाइजेरियामा भएको सडक दुर्घटनामा परी कम्तीमा पनि २२ जनाको ज्यान गएको छ। नाइजेरियाका दुई छुट्टाछुट्टै सडक दुर्घटनामा परी ती नागरिकको ज्यान गएको अधिकारीले जानकारी दिएका छन्। प्राप्त समाचारमा नाइजेरियाको मध्य भागका दुई ठूला राजमार्गमा बुधबार सवारी दुर्घटना भएको थियो। नाइजेरियाको लोकोजा कागी राज्यमा बुधबार विहान सो दुर्घटना भएको थियो। त्यसमा परी १४ जनाको ज्यान गएको थियो। सो दुर्घटनामा परी ज्यान जानेमा ११ जना महिला र तीन पुरुष रहेका छन्। सो दुर्घटनामा परी अरु कैयौं व्यक्ति घाइते पनि भएका छन्। त्यसैगरी नाइजेरियाको काबा क्षेत्रमा पनि यस्तै सवारी दुर्घटना भएको थियो। त्यसमा परी अरु आठ जना यात्रुको निधन भएको छ।

छापावाल सुन प्रति तोला रु.९५,४००/-

तेजावी सुन प्रति तोला रु.९४,९००/-

चाँदी प्रति तोला रु.१,३३०/-

किसानलाई तरुल खन्न चटारो

टुडे एक्सप्रेस / सर्लाही

माघे सङ्क्रान्ति नजिकिँदै गर्दा सर्लाहीको पश्चिम क्षेत्रका किसानलाई तरुल खन्ने र बेच्ने चटारो परेको छ । गत वर्षको भन्दा यस वर्ष तरुलको मूल्य राम्रो भएकाले चाँडै तरुल खनेर बिक्री गर्न किसानलाई हतार भएको हो ।

व्यापारीले व्यावसायिक रूपमा तरुल खेती गरिएका किसानको खेतबारीमै पुगेर तरुल खरिद गर्न थालेपछि उनीहरू उत्साहित भएका हुन् । माघे सङ्क्रान्ति आउन एक हप्ता बाँकी भए पनि अन्यत्र निकासीका लागि अहिलेदेखिनै खन्न थालिएको किसानले बताएका छन् । जिल्लाको कर्मैया, जिरायत, बरहथवा, हजरिया, राजघाट र शङ्करपुरलगायतका क्षेत्रमा व्यावसायिक रूपमा तरुलखेती गरिन्छ । तरुल खेतीबाट यहाँका किसानले वर्षेनी मनग्य आम्दानी गर्दै आएका छन् । यो वर्ष आफूले १७ कट्ठामा लगाएको तरुल रु दुई लाख १५ हजारमा बिक्री गरिसकेको बागमती नगरपालिका-१०, शङ्करपुरका किसान मोहन लुम्रे मगरले बताए । किसानको खेतमै व्यापारी पुगेर तरुल किन्ने गरेका कारण किसानले आफैले मजदूर लगाउनुपर्ने समस्या समाधान भएको किसानको भनाइ छ ।

यो वर्ष प्रतिकट्ठा रु १५ देखि २० हजारसम्ममा तरुल बिक्री भइरहेको बागमती नगरपालिका-५ राजघाट टेकानीका किसान शिव पुलामीले बताए । पुलामीले आफ्नो ६ कट्ठाखेतमा लगाएको तरुल रु ९० हजारमा व्यापारीलाई बिक्री गरेको बताए । व्यापारीले नै खनेर लैजाँदा किसानको ज्याला पनि बच्ने गरेको उनको भनाइ छ ।

जिल्लाका किसानले फलाएको तरुल बढी मात्रामा काठमाडौं लाने गरिएको व्यापारीले बताएका छन् । यहाँको तरुल स्वादिलो हुने भएकाले काठमाडौंलगायत ठूला शहरबाट अत्यधिक माग आइरहेको बरहथवा नगरपालिका-५ का व्यापारी रामनाथ साहले बताए । जिल्लाका किसानले पताले र रातो तरुल धेरै मात्रामा लगाउने गरेका छन् । यहाँको तरुल काठमाडौं, पोखरा, वीरगञ्ज, इटहरीलगायत प्रमुख बजारसम्म पुग्ने गरेको व्यापारीको भनाइ छ ।

जिल्लामा करिब २५० हेक्टर क्षेत्रफलमा तरुल उत्पादन हुने गरेको जिल्ला कृषि ज्ञान केन्द्र मलङ्गवाका निमित्त प्रमुख कमलदेव प्रसाद कुशवाहाले जानकारी दिए । उनका अनुसार प्रतिहेक्टर १५ टनसम्म तरुल फल्ने गर्दछ ।

वैदेशिक लगानीका सडक निर्माण सुस्त

टुडे एक्सप्रेस / काठमाडौं

नेपालमा कोभिड-१९ को सङ्क्रमण कम भएर पूर्वाधार निर्माण अघि बढ्न थाले पनि वैदेशिक लगानीका सडक निर्माण सुस्त छ । कोभिड कम भए पनि पूर्णरूपमा नहटेकाले प्रगति कम देखिएको हो ।

खास गरेर चीन सरकारको आर्थिक सहयोगमा निर्माण गर्ने भनिएका सडकको निर्माण नेपालमा कोभिड-१९ को सङ्क्रमण देखिएदेखि नै अघि बढिरहेको छैन । त्यतिबेला स्वदेश फर्किएर गएका चिनियाँ फर्किएर नआएकाले निर्माण अघि बढ्न नसकेको सडक विभाग, विकास सहायता समन्वय महाशाखाका प्रमुख अर्जुनजङ्ग थापाले बताए ।

गत आर्थिक वर्षको पछिल्लो चौमासिकमा कोभिड शुरु हुँदा वैदेशिक लगानीका सडकमा भौतिक प्रगति कम थियो । अहिले दोस्रो चौमासिकसम्म पनि निर्माण अघि नबढेकाले प्रगति अझै कम हुनसक्ने उनको भनाइ छ । उनले भने, 'हामीले चिनियाँलाई सम्पर्क गरिरहँदा पनि उनीहरूले सङ्क्रमण नहटेसम्म आउन नचाहेको भनिरहेका छन् ।'

चक्रपथको पहिलो खण्डका रूपमा कोटेश्वर-कलङ्कीको सडक आठ लेनमा विस्तार गरेको चीन सरकारले नै दोस्रो खण्डको विस्तारमा चासो देखाएको थियो । सरकारले कलङ्की-चाबहिल (गोपीकृष्ण हल) सम्म सडक विस्तारका लागि निर्माणस्थल खाली गराइरहँदा चिनियाँ टोली भने फर्किएका छैनन् । उनीहरू नफर्किएसम्म सडक निर्माण अघि नबढ्ने प्रमुख थापाले बताए ।

चीन सरकारको सहयोगमा नै निर्माण गरिने रसुवागढी-स्याफ्रुबेंसी सडक निर्माण ठप्प छ । चीन सरकारको नै आर्थिक सहयोगमा निर्माण भएको अरनिको राजमार्ग मर्मतको कामसमेत गर्ने गरी छलफल भए पनि त्यो अहिले अघि नबढेको विभागले जनाएको छ ।

कोभिड-१९ का कारण लामो समयसम्म पूर्वाधार निर्माण सुस्त रहे पनि सरकारका लगानीका अधिकांश योजना अहिले अघि बढिरहेका छन् । सरकारले कोभिड-१९ कै कारण निर्माणमा बाधा पुगेका योजनालाई छ महिना अवधि थप गरेर निर्माण अघि बढाइरहेको छ । अन्तर्राष्ट्रिय निर्माण कम्पनी संलग्न योजनामा भने काम गर्न अझै सहज नभएको विभागले जनाएको छ ।

निर्माणका लागि कतिपय सामग्री विदेशबाट ल्याउनुपर्ने अवस्थामा त्यो ल्याउने वातावरण सजिलो छैन । भारत सरकार र जापान सरकारको सहयोगमा निर्माणाधीन कतिपय योजना भने कोभिडपछि सञ्चालनमा छन् ।

तोलामा १३ सयले घट्यो सुनको मूल्य

टुडे एक्सप्रेस / काठमाडौं

स्थानीय बजारमा पहेंलो धातुको मूल्य बिहीवार प्रतितोला रु एक हजार ३०० ले ओरालो लागेको छ । पछिल्ला केही दिनमा लगातार उकालो लागेको सुनको मूल्यमा बिहीवार भने एकै पटक ठूलो मात्रामा ह्रास आयो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले बिहीवारका लागि छापावाला सुन प्रतितोला रु ९५ हजार ४०० मा बिक्री गरिएको छ । यो बुधबारका तुलनामा रु एक हजार ३०० ले कम हो । छापावाला सुन बुधबार प्रतितोला रु ९६ हजार ७०० मा कारोवार भएको थियो ।

यस्तै तेजाबी सुन प्रतितोला रु ९४ हजार ९०० मा कारोवार हुने गरी मूल्य निर्धारण भएको छ । सोही सुन बुधबार तोलामा रु ९६ हजार २०० मा कारोवार भएको थियो । तेजाबी सुन बुधबारका तुलनामा बिहीवार तोलामा नै रु एक हजार ३०० ले घट्यो ।

यस्तै चाँदी भने तोलामा रु १० ले मात्रै ओरालो लागेको छ । प्रतितोला रु एक हजार ३४० मा बुधबार कारोवार भएको चाँदी आज भने एक हजार ३३० मूल्य निर्धारण भएको छ ।

उद्योगमैत्री वातावरण निर्माण गर्न व्यवसायीको माग

मोहम्मद सदरुल / विराटनगर

'समृद्ध नेपाल सुखी नेपाली'को सङ्कल्प पूरा गर्न नेपालमा प्रशस्त उद्योग सञ्चालनमा आउनुपर्ने आवश्यक छ । उद्योग स्थापना र सञ्चालनबाट नै वर्षेनी विदेशिने युवा जनशक्तिलाई स्वदेशमै रोजगार सिर्जना हुने भएकाले नेपालको विकासमा उद्योग व्यवसाय क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ ।

यसका लागि सरकारले उद्योग स्थापना र सञ्चालनका लागि आवश्यक नीति र वातावरण सिर्जना गर्नुपर्ने उद्योगीको भनाइ छ । उद्योग स्थापना गर्नका लागि पनि देशमा लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ । वातावरण निर्माण नै भएन भने यसले उद्योगको स्थापना मात्र नभएर दिगोरूपमा सञ्चालनमा नै समस्या उत्पन्न गर्दछ ।

देशमा उद्योग तथा व्यवसायमैत्री वातावरण निर्माण गरी दीर्घकालीन नीति उद्योगी व्यवसायीले सरकारलाई समय-समयमा आग्रह गर्ने गरेका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घका तर्फबाट होस् या यस्तै व्यवसायिक छाता संस्थाहरूका तर्फबाट पनि यो पहल नभएको होइन । तर पनि देशमा यस्तो वातावरण नै निर्माण हुन नसकेको व्यवसायीको गुनासो छ ।

प्रदेश नं १ को अर्थतन्त्रको आकार रु पाँच खर्ब ८६ अर्ब बराबरको रहेको छ । यस प्रदेशमार्फत नेपालको राष्ट्रिय अर्थतन्त्रमा १५ दशमलव ७३ प्रतिशत योगदान रहेको प्रदेश योजना आयोगले जनाएको छ । गरिबी र बेरोजगारी हटाउन उद्योग, कलकारखाना स्थापना गर्नु बलियो आधारको रूपमा लिन सकिन्छ । तर त्यसतर्फ नीतिहरू भने लक्षित रहेको देखिँदैन र भएका नीतिहरूको कार्यान्वयन पनि प्रभावकारी छैन ।

प्रदेशको गरिबीदर सात दशमलव ४५ प्रतिशत मात्र रहेको आयोगले यसलाई हटाउन उद्योगकै भूमिका अग्रणी रहने अनुमान गरेको छ । यसैगरी यस प्रदेशमा वैदेशिक लगानीका साना ७३ मध्ये ३० वटा र ठूला २२ उद्योग स्थापना भई सञ्चालनमा रहेको प्रदेश योजना आयोगले जनाएको छ । यस प्रकारका उद्योगमा रु एक खर्ब दुई अर्ब ४० करोड लगानी भई १४ हजार ९१८ जनाले रोजगार प्राप्त गरेका छन् ।

त्यस्तै प्रदेशमा ठूला उद्योग ६१०, घरेलु उद्योग १६ हजार १७४ छन् भने आर्थिक प्रतिष्ठान एक लाख ६८ हजार ५१८ र यसमा संलग्न जनसङ्ख्या पाँच लाख ४४ हजार ७९ जना छन् । उद्योग सङ्गठन मोरङका अध्यक्ष भीम घिमिरेका अनुसार सङ्गठनमा करिब ३०० उद्योग आवद्ध छन् भने यसअन्तर्गत अर्बौं रुपैयाँ लगानी भएको र ३० हजारभन्दा बढी मानिसले प्रत्यक्षरूपमा रोजगार पाएको जानकारी दिए ।

उनले उद्योग स्थापना गरेर मात्र नभएर यसमा सरकारी तहबाट संरक्षण हुनु आवश्यक रहेको बताए । सरकारको सहयोग र समन्वय नहुँदा उद्योगको स्थापनादेखि पछि सञ्चालनसम्म नै गरी उद्योगीले समेत पाइला पनि चाल्न नसक्ने अवस्था आउने भएकाले यसमा सरकार जहिले पनि निजी क्षेत्रलाई सहयोग र सद्भाव राख्नुपर्ने आवश्यकता औंल्याए । उद्योगलाई चाहिने पूर्वाधार, सडक, विद्युत् र नीतिमा सरकार गम्भीर रहनुपर्ने अध्यक्ष घिमिरे जानकारी दिए ।

प्रदेश नं १ मा पूर्वाञ्चल विश्वविद्यालयसहित छ विश्वविद्यालयको उपस्थितिसँगै ११३ प्राविधिक महाविद्यालयसमेत छन् । यहाँको कूल साक्षरता ७१ दशमलव दुई प्रतिशत छ । शिक्षित युवायुवती रोजगारको अभावमा विदेशिने क्रम यथावत नै छ । यसलाई पूर्णरूपमा नियन्त्रण गरी सो जनशक्तिलाई रोजगारी दिएर स्वदेशमै रोक्ने योनजा सरकारसँग छैन । उनीहरूलाई स्वदेशमै रोक्न रोजगारीको अवस्था सिर्जना गर्न नेपालमा उद्योगमैत्री वातावरण बन्नुपर्ने र त्यसमा सरकारको प्रत्यक्ष सहयोग आवश्यक रहने जिल्ला शिक्षा समन्वय एकाइ समिति मोरङका प्रमुख टङ्क गौतम बताउँछन् ।

मोरङ व्यापार सङ्घका अध्यक्ष प्रकाश धम्की एवं आन्दोलनका कारण बन्द भएको छ । यसमा लगभग एक हजार ५०० भन्दा बढी मानिसले रोजगार पाएका थिए भने क्रिसेन्ट उद्योगको भौतिक पूर्वाधार सबै तयार भएर सञ्चालनमा आउने समयमा स्थानीय मानिसहरूको चन्दा आतङ्कले उद्योग बन्द गर्नुपरेको थियो ।

यस्तै सन् २००१ मा विराटनगर महानगरपालिकाको उत्तरतर्फ धरान विराटनगर सडकको पहडगछ नजिकै करिब रु तीन अर्ब लागतमा स्थापना भएको आरती स्ट्रिप्स प्रालिमा सञ्चालन भएको यसको उत्पादन क्षमता वार्षिक ५० हजार मेट्रिक टन थियो । यसको बजार र बिक्री वितरणको अवस्थाले पनि उक्त कम्पनीको राष्ट्रियस्तरको कम्पनी भएको अवस्था झल्काउँछ । एकपछि अर्को उत्पादन विस्तार गर्दै आएको प्रालिले सन् २०१४ मा कालो पाइप उत्पादनको मिल जडान गरेको थियो । त्यसपछि उक्त पाइप उत्पादन गरेको सो कम्पनीको उत्पादन वार्षिक ४० हजार मेट्रिक टन रहेको छ । आरतीले आफ्नो लगानी बढाउँदै र गुणस्तरीय वस्तु उत्पादन गर्दै नेपालको सबै भूभाग र भारतमा समेत निर्यात गर्न सफल भएको छ ।

प्रालिले सन् २०१७ मा इटालीबाट अत्याधुनिक मेसिन ल्याइ जडान गरी उत्पादन थालेको थियो । विश्व प्रसिद्ध कम्पनी डेनलीको मेसिन जडान गरी दुई लाख टन वार्षिक क्षमताका साथ रड उत्पादन शुरु गरी अहिले दुई ब्राण्डका रड उत्पादन गरिरहेको छ । जसलाई आरती टाइगर र आरती प्रफेक्ट भनिन्छ ।

नेपालको अर्थतन्त्रको विकासमा ठूलो योगदान दिइरहेको यस कम्पनीमा अहिले ७२५ जना कामदार छन् । कहिले माग बढ्ने र सोही अनुसारको कामदार राख्नुपर्ने कारणले करारमा केही समयका लागि कामदार थप्ने र पछि माग र उत्पादन कमी भएपछि ती करारमा रहने कामदारलाई आवश्यक परेको बेलामा पुनः बोलाउने भनेर घर पठाउने गरिएको छ । यसबाट उद्योगको काममा पनि कुनै बाधा नपुग्ने र केही मानिसले अतिरिक्त काम गर्दा ज्याला पाउनेले गर्दा उनीहरूको समस्या पनि समाधान हुने गरेको छ ।

गुणस्तरीय उत्पादनमा कहिल्यै सम्झौता नगरेका कारण नेपालभर आरतीबाट उत्पादित वस्तुको माग बढेर गएको प्रशासन प्रमुख दिवस नेपालले जानकारी दिए । उनले आरतीको सफलताबाट नै सन् २०२१ मार्चबाट ग्यालभोलुम रङ्गीन तथा सादा कर्कट जस्तापाता उत्पादन शुरु गरी बजारमा ल्याउने तयारीका साथ अघि बढिरहेको प्रालिले सन् २०२१ भित्रै सिआर आरओएलएल मिल सञ्चालन गर्ने तयारीमा जुटेको बताए । उच्च गुणस्तरीय रहेको बताइएको यो जस्तापाता अल्मुनियम, जिङ्क र सिलकिनको माध्यमबाट बनाइन्छ ।

विराटनगरजस्तो औद्योगिक नगरीमा स्थापना भएको प्रालिले साना ठूला सबै प्रकारको सामाजिक उत्तरदायित्व पूरा गर्दै आएको बताएको छ । हालैमात्र कभर्ड हलका लागि सहयोग गरेको यस उद्योगले यसको वरपरको सडक निर्माणमा पनि योगदान दिइरहेको बताएको छ । यस कार्यका लागि उद्योगले रु २९ लाख खर्च सहयोग गरेको प्रशासन प्रमुख नेपालले जानकारी दिए ।

सरकारको साथ र सहयोगका साथै लगानीमैत्री वातावरण भएमा अझ ठूलो मात्रामा र विश्वासिलोरूपमा लगानी बढाउने सोच रहेको सो प्रालिले जनाएको छ । यो उद्योग प्रदेश नं १ मा सबैभन्दा बढी राजश्व तिर्ने संस्था पनि हो । आरती ग्याल्मभोलुम नेपालमा पहिलो प्लान्ट भएको, ठूला योजना तथा आयोजनाका लागि आवश्यक पर्ने रड भारतबाट ल्याउने समस्या अन्त्य भएको, सही तौल र उच्चस्तरीय उत्पादनले गर्दा यसको माग बढेको उपभोक्ताहरू बताउँछन् ।

करारमा रहने मजदुरलाई हटाएको निहुँमा मजदुरले अहिले प्रायः दिनहुँ प्रालि वरिपरि भीड लगाउने, प्रालिलाई अनावश्यक तनाव तथा दबाब दिने गरेको कारण प्रालिमा समस्या देखिएको छ । प्रदेश नं १ मा राष्ट्रिय उत्पादनमा ठूलो योगदान दिने यस्ता धेरै उद्योग सञ्चालनमा छन् । तर ती उद्योगका सञ्चालक भने आफूहरूलाई राज्यका तर्फबाट सहयोग प्राप्त हुन नसकेको गुनासो गरेका छन् ।

उनीहरू नेपालमा सरकार तथा समग्र नागरिकले नै उद्योगी, व्यवसायीलाई हेर्ने सोच परम्परागत भएको गुनासो गर्ने गर्दछन् ।

प्रदेश नं १ का व्यवसायी तथा नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य राजेन्द्र राउत देशमा उद्योगधन्दाको सञ्चालनका साथै लगानीमैत्री वातावरण निर्माणका लागि राज्यले नै सहयोग गर्नुपर्ने बताउँछन् । हाल देशमा तीन तहका सरकार रहेकाले ती सरकारले स्थानीयस्तरदेखि केन्द्रसम्मको उद्योग व्यवसायको सञ्चालनमा के कस्ता अप्ठेराहरू छन् भनेर समन्वय गरिदिनुपर्ने बताए ।

उद्योग सञ्चालनको वातावरण नभएकाले तथा सरकारले साथ नदिएकाले विगतमा यस क्षेत्रमा धेरै उद्योग बन्द पनि भएका उनीहरू बताउँछन् । जस्तै अरुण वनस्पति उद्योग, बाबा बिस्कुट उद्योग, अन्नपूर्ण सोप, रघुपति जुट मिल, अशोक टेक्सटाइलजस्ता अन्य धान र चामलका उद्योग पनि विगतमा बन्द भएका छन् । सरकारको यस्तो नीतिको अभावमा उद्योग सञ्चालक तथा मजदुर नै समस्यामा पर्ने अवस्था सिर्जना हुने गरेको छ ।

यस्ता समस्यामा सरकारले समयमै ध्यान दिएमा उद्योग सञ्चालकहरूको मनोबल बढ्ने र उद्योग बन्द हुनबाट जोगिने अवस्था निर्माण हुनसक्छ । उद्योगमा शान्ति सुरक्षाका लागि खटिएका प्रहरी नायब निरीक्षक प्रमोद रायमाझी पनि बाहिरबाट हेर्दा प्रालिका तर्फबाट अथवा राज्यका तर्फबाट पनि कुनै समस्या देखिँदैन तर किन मजदुरहरू उद्योग र उद्योगीप्रति नकारात्मक छन् भन्नेबारेमा पनि राज्यले नै बुझ्नुपर्ने बताउँछन् । *रासस*

'उद्योगलाई चाहिने पूर्वाधार, सडक, विद्युत् र नीतिमा सरकार गम्भीर रहनुपर्छ'

– भीम घिमिर, अध्यक्ष (उद्योग सङ्गठन मोरङ)

प्राविधिक शिक्षाको शुल्कमा एकरुपता ल्याइने

कमलेश ठाकुर / जनकपुरधाम

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् प्रदेश २ कार्यालय जनकपुरधामले शुल्कमा एक रुपता ल्याउने भएको छ। कार्यालयले आंगिक, साझेदारी, सामुदायिक, प्राविधिक शिक्षा (टेक्स) र निजी शिक्षण संस्थाको शुल्कमा एकरुपता ल्याउने भएको हो।

विहीबार जनकपुरधाममा सबै सरोकारवला निकायसंग छलफल गरी शुल्कमा एकररुपता लयाउन कार्यालयका निर्देशक नागेन्द्र साहले जानकारी दिए। उनका अनुसार शिक्षण संस्थाको सञ्चालक समितिसंग शुल्क निर्धारण गर्न लगाई शुल्कमा एकरुपता ल्याइने छ। शुल्कमा एकरुपता नहुँदा शिक्षण संस्थाले प्राविधिक शिक्षा तर्फका विद्यालयसंग मनपरी शुल्क असुलीरहेका छन्।

शिक्षण संस्थाको शुल्क तथा पुर्वाधार सम्बन्धी एक दिवसीय समन्वय तथा अन्तरक्रिया कार्यक्रममा शुल्कमा एकरुपता ल्याउन सहभागीहरूले मागसमेत गरेका हुन्। अभिभावकसंग चर्को शुल्क लिएका शिक्षण संस्थालाई कारवाही नगरेको भन्दै सहभागीहरूले आपत्ति जनाएका थिए। सीटिईभिटी मातहतका शिक्षण संस्थाले छात्रवृतिको विद्यार्थी आर्थिक प्रलोभनमा परी छनोट गरेको सहभागीहरूले आरोप लगाएका थिए।

सहभागीहरूको जवाफ फर्काउँदै निर्देशक साहले सिटिईभिटीले शिक्षण संस्थाको व्यवस्थापनदेखि परीक्षा लगायतको काम आँफै गरेको भन्दै त्यसकारण अरोप लाग्ने गरेको तर्क गरे। 'लिखित रुपमा कुनै प्रकारको अनियमिता गैर कानुनी कामको उजुरी आएको छैन,' उनले भने, 'लिखित रुपमा आएको जानकारीको अधारमा छानबिन गरी गैर कानुनी रुपमा विद्यार्थी छनोट वा बढी शुल्क लिएको पाएपछि कारवाही हुन्छ।'

भौतिक पूर्वाधार निर्माणसंगै कार्यालयले गुणस्तरीय बढाउने योजना अनुसार काम गरिरहेको उनको भनाइ छ। पूर्वाधार बिना विद्यालयमा पढाई गराउन केही कठिनाई देखिएपनि अवको केही दिनपछि त्यो समस्या अन्त्य हुने उनले आश्वासन दिए। प्राविधिक शिक्षा गरी खाने शिक्षा र स्वरोजगार गर्ने भएकाले सरकारको यसतर्फ ध्यानाकर्षण गराए।

'प्राविधिक शिक्षा सरकारले लगानी बढाउनु पर्छ। स्रोत साधान अभावमा प्राविधिक शिक्षण संस्थाले अपेक्षा अनुसार प्रतिफल दिन सकेका छैनन्,' उनले भने, 'सरकारले प्राविधिक तर्फका विद्यँर्थीको रोजगारीपनि सुनिश्चित गर्नु पर्छ। राज्यबाट रोजगारीको सम्भावना नदेखिएपछि विद्यार्थी यसतर्फ आउन हिच्किएको छ।'

मालपोतका नासु र लेखापढी व्यावसायी घुससहित पक्राउ

टुडे एक्सप्रेस / सर्लाही

हरिवन नगरपालिका-११ मा रहेको मालपोत कार्यालयका एक नायब सुब्बा र एक लेखापढी व्यवसायी घुस रकमसहित बिहीबार पक्राउ परेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय बर्दिवासबाट खटिएको अख्तियारको टोलीले मालपोत कार्यालय हरिवनका नायब सुब्बा बेदनिधि बराल र कार्यालय परिसरमा बसेर लेखापढीको काम गर्ने हरिवन नगरपालिका-२ का रामसुन्दर महतोलाई रु ११ हजार घुस रकमसहित पक्राउ गरेको हो। उनीहरूले सेवाग्राहीबाट जग्गाधनी प्रमाणपुर्जामा नाम संशोधनका लागि घुस लिएको पाइएको अख्तियारको कार्यालयले जनाएको छ। दुवै जनालाई थप अनुसन्धानका लागि अख्तियारको क्षेत्रीय कार्यालय बर्दिवास लगिएको छ।

सर्लाहीबाट मङ्सिर २४ गते नेपाल विद्युत् प्राधिकरण बरहथवा वितरण केन्द्रका प्राविधिक मनोजकुमार पाण्डे रु आठ हजार घुस रकमसहित र असार ९ गते हरिपुर नगरपालिकाका लेखा अधिकृत भूपेन्द्रकुमार सिंह रु चार हजार घुस रकमसहित पक्राउ परेका थिए।

जिल्लामा मालपोत, नापी, घरेलु तथा साना उद्योग, विद्युत् र स्थानीय निकायमा घुस नदिएसम्म सेवा लिन गाह्रो पर्ने गरेको गुनासो सेवाग्राहीले गर्दै आएका छन्। गुनासो र उजुरीअनुसार यी कार्यालयबाट पटक-पटक कर्मचारी सेवाग्राहीसँग लिएको घुस रकमसहित पक्राउ परिरहेका छन्।

प्रचण्ड समूहद्वारा संघर्ष समिति गठन

टुडे एक्सप्रेस / जनकपुरधाम

जनकपुरधाममा नेकपा प्रचण्ड-नेपाल पक्षधर समूहले नगर स्तरीय संघर्ष समिति गठन गरेका छन्।

बिहीवार नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) प्रचण्ड-नेपाल पक्षधर समूहले संसद विघटनको विरुद्धमा पाँच सय एकावन्न सदस्यीय नगर स्तरीय संघर्ष समिति गठन गरेको हो।

प्रधानमन्त्री केपी ओलीले असैवैधानिक रुपमा संसद विघटन गरेको ठहर गर्दै लक्ष्मी नारायण भगतको संयोजकत्वमा समिति गठन गरिएको छ। पार्टीका जिल्ला सचिव दिपक यादवको अनुसार सहसंयोजकमा रामवृक्ष यादव रहेका छन्।

उमेश साहको अधयक्षतामा भएको कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य प्रमोद साहको प्रमूख अतिथ्यता रहेको थियो।

पार्टीको अर्का केन्द्रीय सदस्य सुधिर साह र जिल्ला सचिव दिपक यादवको उपस्थितिमा युवा कार्यकर्ता भेलाबाट समिति गठन भएको छ।

गठन भएको संघर्ष समितिले २८ गतेभित्र नगरको सबै वडामा समिति गठन गर्ने विज्ञप्तिमा उल्लेख छ।

वन फडानी रोक्न ग्याँस वितरण

सुखिलाल चौधरी / उदयपुर

दाउराको खपत गर्दा वन विनाश बढ्ने भन्दै उदयपुरको एक सामुदायिक वनले उपभोक्तालाई एलपी ग्यास बाल्न सिलिण्डर र चुलो वितरण गरेको छ। दाउरा प्रयोग गर्दा दिनदिनै वन जंगल विनाश हुँदै गएको भन्दै त्रियुगा नगरपालिका १४ र १५ मा रहेका सरस्वती सामुदायिक वन उपभोक्ता समूहका उपभोक्तालाई एलपी ग्यास बाल्न सिलिण्डर वितरण गरिएको हो।

सामुदायिक वन समूहमा आबद्ध उपभोक्तालाई ११ लाख २० हजार रुपैयाँ बराबरको १ सय ५० घरधुरी उपभोक्तालाई एलपी ग्यासको सिलिण्डर वितरण गरेको समूहका अध्यक्ष तोप बहादुर समाल मगरले जानकारी दिए। समूहले आर्थिक वर्ष २०७७/७८ को गरिवी निवारण कार्यक्रम अन्तर्गत समूहभित्र रहेका दलित, एकल महिला र विपन्न गरी १ सय ५० घरधुरी परिवारलाई ग्यास सिलिण्डर र चुलो वितरण गरेको समूहका अध्यक्ष मगरले बताए। चालु आर्थिक वर्षको कार्यक्रम अन्तर्गत १० अतिविपन्न परिवारलाई घर छाउने जस्ता पाता पनि वितरण गर्ने कार्यक्रम रहेको उनले बताए।

अध्यक्ष मगरका अनुसार वार्षीक कार्य योजनामा समेटिएका लक्षित उपभोक्तामध्ये अव अन्तिम चरणमा थप उपभोक्तालाई सिलिण्डर वितरण गरिने छ। घरायसी प्रयोजनका लागि दाउरा बाल्न रुख काट्दा वन फडानी हुँदै आएको भन्दै समूहले कार्ययोजना बनाएर वन विनाश रोक्न लागेको हो। खासगरी गरिव, बिपन्न, दलित र एकल महिलालाई बैकल्पिक ऊर्जा कार्यक्रमअन्तर्गत एलपी ग्यास सिलिण्डर र चुलो वितरण गरिएको हो।

सामुदायिक वनको आम्दानीबाट प्रत्येक घरधुरीलाई १-१ वटा ग्यास चुलोसमेत बितरण गर्ने कार्यक्रम रहेको र त्यसअन्तर्गत अहिलेसम्म १ सय ५० जनालाई ग्यास सिलिण्डरसहित चुल्हो समेत बितरण गरिएको समूहका सचिव कोपिला राउतले बताइन। उनका अनुसार उपभोक्तालाई धुवाँमुक्त बनाउने योजना पनि यसमा समेटिएको छ। सरकारले अघि सारेको 'धुँवामुक्त त्रियुगा नगर अभियान' लाई सहयोग गर्न पनि ग्यास सिलिण्डर बितरण गरिएको सचिव राउतले बताइन्।

समूहले सिलिण्डर बितरणसँगै उपभोक्तालाई स्वरोजगार बनाएर आय आर्जन गराउने नीति पनि समूहले लिएको छ। समूहले स्थानीय युवा र महिलालाई आयआर्जन गराएर आत्मनिर्भर बनाउने उदेश्यले वार्षीक कार्ययोजनामै 'स्वरोजगार कार्यक्रम' को नीति लिएको छ। सो कार्यक्रमअन्तर्गत विगतमा उन्नत जातको बाखा बितरण गरेर पशु उद्यममा लगाइएको छ। समूहभित्र रहेका गरिव, बिपन्न, दलित र महिलालाई उद्यम व्यवसायमा लगाएर आयआर्जन गराउने उद्देश्यले उन्नतजातका बाखा बितरण गरिएको सचिव राउतले बताइन्।

डिभिजन वन कार्यालय उदयपुरका सहायक वन अधिकृत तथा सूचना अधिकारी जागेश्वर साहका अनुसार उदयपुरमा वन समूहभित्रका एक घरधुरी उपभोक्ताले वार्षिक ३० देखि ३५ भारी दाउरा खपत गर्ने गरेको तथ्यांक निस्केको छ। 'यसरी उपभोक्ताले खपत गर्ने दाउरा भनेको वन सम्पदा मासैरै हो' डिभिजन वन सहायक वन अधिकृत साहले भने, 'यस्तै तरिकाले वन मासेर दाउरा उत्पादन गर्दै जाने हो भने त केहीवर्षभित्रै वन सकिने निश्चित भयो, त्यसैले विकल्पमा डिभिजन वन कार्यालय गाईघाटले ग्यास सिलिण्डर बितरणको अवधारण ल्याएका हौं।'

'ग्यास वितरणले वन संरक्षणसंगै दाउराको खोजीमा खर्चिनु पर्ने समय बचत भई उत्पादनशील क्षेत्रमा उपभोग गर्न सक्ने र महत्वपूर्ण कुरा भान्सालाई धुवाँरहित बनाई दिदी बहिनीहरूको स्वास्थ्य समस्या न्यूनीकरण गर्ने अवसर समेत रहेको छ,' साहले भने। खाना पकाउने प्रयोग हद्नै दाउरा उत्पादन त्यही सामद्रदायिक वनक्षेत्रबाटै हद्नै भएकाले यसबाट वर्षेनी वन विनाश बढ्दै गएको पाएपछि रुख काट्ने काममा कमी ल्याउन ग्यास सिलिण्डर बितरण गर्ने कार्य योजना बनाउन समद्रदायिक वनहरूलाई आग्रह गरिएको सहायक वन अधिकृत साहको भनाइ छ।

नोभल कोरोना भाइरस: जनचेतनामूलक संदेश

नोभल कोरोना भाइरसबाट आफू र अरूलाई बचाउने ?

नेपाल सरकार तथा जनसंख्या मन्त्रालय

यो नयाँ प्रजातिको भाइरस हो, जुन मानव जातिमा पहिले पहिचानभएको थिएन । यस भाइरसले मानिस र पशुहरुमा संक्रमण गर्दछ। यस भाइरसले समान्य रुघाखोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Serve Acute Respiratory Syndrome (SARS)सम्म गराउन सक्दछ ।

नोभल कोरोना भाइरस (Covid-19) रोगका मुख्य लक्षणहरू

ज्वरो १००.४ °F भन्दा माथि



श्वासप्रस्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोभल कोरोना भाइरसबाट कसरी आफु र अरूलाई बचाउने ?

नोभल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरुमा दुई हप्ता भित्र रुघाखोकी लागेमा ज्वरो आएमा, घाटी टाउको दुखेमा, स्वासप्रस्वासमा अत्याधिक समस्या भएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं

लक्ष्मीनिया गाउँपालिका
प्रदेश नं. २, धनुषा

'अहिंक रेडियो अहिंक आवाज'

रेडियो जनकपुर

मधेशको पहिलो एफ. एम.

९७ मेगाहर्ज

Radiojanakpur 97.0 mhz
Radio Janakpur 97.0 Mhz
www.radiojanakpur.org.np

बिहान ५ बजे देखि राति ११ बजेसम्म रेडियो सुन्न नभुल्नुहोला

प्रधान सम्पादक तथा प्रकाशक : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, ललितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर